जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १८१ • २०८१ साल मंसिर १२ गते बुधबार (27 November, Wenesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मतदातालाई जातीय प्रभावमा पार्न नेताहरु सक्रिय

**टुडे समाचारदाता**

गौर । मधेश प्रदेशको ४ जिल्लाको ६ वटा पालिकामा वडाअध्यक्षका लागि हुन लागेको उपचुनावलाई आफ्नो पक्षमा पार्न राजनीति दलका नेताहरुले सबै प्रकारको अस्त्र प्रयोग गर्न थालेका छन् ।

> उपाध्यक्ष खानले वर्तमान अवस्थामा जनताले राजनैतिक परिवर्तनका लागि र विरासतको राजनीतिक अन्त गरी विकास र जनता राज चाहेको उल्लेख गर्दै यसका लागि नयाँ दल र नयाँ नेतृत्व खोजेको बताए ।

चुनावको तिथि नजिकिन थालिएसँगै दलहरुले उम्मेदवारलाई जिताउन वडामा मतदाताको जातीय संख्याको आकलन गरी त्यसमा प्रभावकारी हुनसक्ने नेताहरुलाई विशेष जिम्मेवारीका साथ खटाएका छन् ।

रौतहट जिल्लाको राजपुर नगरपालिकाको वडा नम्बर ६, ईशनाथ नगरपालिकाको वडा नम्बर ७ र गढीमाई नगरपालिकाको वडा नम्बर ८ मा उपचुनाव भइरहेको छ । वडाअध्यक्षको चुनाव विगतमा यति प्रतिष्ठाको विषय हुने गरेको थिएन ।

अहिले चुनावको परिणामलाई आफ्नो पक्षमा पार्न सबै दलका प्रमुख नेताहरु चुनावी मैदानमा होमिएका छन् । उनीहरुले चुनावमा जित्ने दाबी गर्दै मतदातालाई विश्वस्त बनाउन लागि परेका छन् ।

जनमत पार्टीका उपाध्यक्ष अब्बदुल खानले राजपुर नगरपालिको वडा नम्बर ६ को उपनिर्वाचनको प्रचार प्रसारको क्रममा जनताले परिवर्तन चाहेकाले आफ्नो उम्मेदवार जित्ने निश्चित रहेको दाबी गरे ।

राजपुर नपाको वडा नम्बर ६ मा मुस्लिम मतदाताको बाहुल्यता रहेकाले अधिकांश दलहरुको उम्मेदवार सो जातिबाट नै छ ।

उपाध्यक्ष खानले वर्तमान अवस्थामा जनताले राजनैतिक परिवर्तनका लागि र विरासतको राजनीतिक अन्त गरी विकास र जनता राज चाहेको उल्लेख गर्दै यसका लागि नयाँ दल र नयाँ नेतृत्व खोजेको बताए ।

रौतहट जिल्लाको तीनवटै पालिकाको उपनिर्वाचनमा जनताले कांग्रेस र एमालेको विकल्पमा जनमत पार्टीलाई राजेकोले उपनिर्वाचनमा जित सुनिश्चित रहेको उनले बताए ।

### आजपाको केन्द्रीय कमिटीमा २ सय ८९

# सरकारको मनोमानी कर आतंकविरुद्धको आन्दोलन फेरि चर्काइने

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारी कर र भन्सार कमिसनलाई मुद्दा बनाउँदै सरकारलाई घेर्न आम जनता पार्टी( आजपा)ले कर विरुद्धको संघर्षलाई थप सशक्त बनाउने निर्णय गरेको छ ।

सरकारको मनोमानी कर आतंकविरुद्ध संघर्षका कार्यक्रम अगाडि बढाउन काठमाण्डु उपत्यका विशेष कमिटीलाई जिम्मेवारी तोकिएको छ । उपत्यका विशेष कमिटीले विगतमा सरकारको मनोमानी कर आतंक विरुद्ध विरोध प्रदर्शन गरेको थियो । उसकै नेतृत्वमा आन्दोलन कार्यक्रम अगाडि बढाउने निर्णय स्थायी कमिटी बैठकले गरेको अध्यक्ष प्रभु साहले मंगलबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेका छन् ।

आजपाले भ्रष्ट र भगौडाहरुको पक्षपोषण गर्ने दलाल दलतन्त्रको अन्त्य गर्दै आम जनताको सर्वोच्चता सहितको शासन सत्ता स्थापित गराउन पूर्वघोषित तेस्रो जनआन्दोलनको मजबुत आधार खडा गर्न संघर्षका कार्यक्रमलाई तीव्रताका साथ अगाडि बढाउने निर्णय गरेको बताएको छ ।

कोटेश्वरस्थित आजपाको केन्द्रीय कार्यालयमा बसेको पार्टी स्थायी कमिटी बैठकले केन्द्रीय कमिटीलाई पुनर्गठन गर्दै संघर्षका कार्यक्रमलाई अगाडि बढाउने निर्णय गरेको उपमहासचिव समेत रहेका प्रवक्ता चन्द्रभुषण साहले जनाएका छन् ।

यसैगरी विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी कायम गर्नुपर्ने आन्दोलनको अगुवाइ आम विद्यार्थी मोर्चाले गर्नेछ । आम विद्यार्थी मोर्चाले बिगतमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दीको माग अघि सार्दै आन्दोलन गर्दै आएको छ । वैदेशिक रोजगारका ठगविरुद्धको आन्दोलनका कार्यक्रम आईटी आर्मीको नेतृत्वमा हुनेछ । बैठकले आईटी आर्मीलाई वैदेशिक रोजगारीका ठगविरुद्धको आन्दोलनलाई निष्कर्षमा पुऱ्याउन जिम्मेवारी तोकेको हो ।




यस्तै बैंक, लघुवित्त र सहकारी ठगविरुद्धको आन्दोलन आजपाको कोशी प्रदेश र गण्डकी प्रदेश कमिटीले अगाडि बढाउने छ । बैंक, लघुवित्त र सहकारी ठग विद्धको आन्दोलन आजपाले गर्दै आएकोमा यसलाई कडा बनाउने निर्णय गरेको छ । यसैगरी भ्रष्टाचारविरुद्धको आन्दोलन सात वटै प्रदेशमा कडा रुपमा अगाडि बढाइने निर्णय बैठकले गरेको प्रवक्ता साहद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले आन्दोलनका कार्यक्रमलाई कडा रुपमा अगाडि बढाउन निर्देशन दिएका छन् । विगतका आन्दोलनको समीक्षा गर्दै आन्दोलनलाई थप कडा बनाउने निष्कर्ष बैठकको छ ।

'देशमा बढ्दो भ्रष्टाचार, बेथिति र विभेदविरुद्धको पाँच दिवसीय मधेश जागरण यात्रामा पहिलो दिन राज्य पक्षको अवरोधका बावजुद पनि आम जनताको अभूतपूर्व साथ, सहयोग र सहभागिताले गर्दा सानदार ढंगले सफल रहेको निष्कर्षसहित यस अभियानलाई सफल पार्न योगदान एवं भूमिका निर्वाह गर्नुहुने सबैप्रति हार्दिक अभार सहित विशेष धन्यवाद व्यक्त गरिएको छ' आजपाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।


यसैगरी बैठकले पार्टीको सदस्यता वितरण तथा संगठन विस्तारलाई अभियानको रूपमा अगाडि बढाउने निर्णय गरेको छ । पार्टी सदस्यता वितरण सम्बन्धी कार्यविधि - २०८१ बैठकले सर्वसहमतिले पारित गरेको छ ।

बैठकले पार्टीको केन्द्रीय कमिटीलाई पुनर्गठन समेत गरेको छ। प्रभु साह अध्यक्ष रहेको केन्द्रीय कमिटी दुई सय ८९ सदस्यीय बनाइएको छ। आमन्त्रित, स्थायी कमिटी, पदाधिकारी सहित केन्द्रीय कमिटी बिस्तार गरिएको अध्यक्ष साहले जनाएका छन् ।

मधेश प्रदेशलाई केन्द्रमा राखेर साहले काठमाण्डुमा आन्दोलन गर्दै आएको छ । साहले काठमाण्डुमा रहेका कवाड व्यवसायीहरुको साथ लिएर गरेको आन्दोलन भने निर्णायक हुन सकेन । भन्सारमा समान बुझाउनेलाई दिने कमिसन हटाउन आजपाले गरेको आन्दोलन पनि निर्णायक हुन सकेन । भन्सार विभागमा सहमति गरिए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन ।

भ्रष्टाचार, सरकारी कर लगायतका लोकप्रिय मुद्दालाई उठाइरहेको आजपाले पछिल्लो समय एमाले र प्रधानमन्त्री केपी शर्मा ओलीप्रति अक्रामक दिएका छन् । गौर हत्या काण्ड लगायतका मुद्दाबाट साह पछाडि हटेका छन् । चर्का नाराबाजी र सडकमा जुलुसलाई निरन्तर राखेपनि उनले चाहे जस्तो मधेश प्रदेशमा सहानुभूति पाउन नसकेको नेताहरुको मूल्यांकन छ ।



# सिक्टा आयोजनामा विलम्ब नगर्न समितिको निर्देशन



नेपालगञ्ज। राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजनासँग सम्बन्धित समस्या स्थानीय तहमा नै समाधान गर्न आग्रह गरिएको छ। नीतिगत समस्याका कारण दुई दशक बितिसक्दा पनि आयोजना पूरा नभएकामा चिन्ता व्यक्त गर्दै स्थानीयले द्रुत गतिमा आयोजनाको काम हुनुपर्नेमा जोड दिएका छन्।

प्रतिनिधिसभा, पूर्वाधार विकास समितिका प्रतिनिधिहरुसँगको छलफलमा स्थानीय र सरोकारवालाहरुले कानुनको परिधिभित्र रहेर आयोजनाका उल्झन टुङ्ग्याउनुपर्ने समितिका सदस्य ठाकुर गैरेले बताउनुभयो। उहाँले स्थानीय तहबाट हुने काम स्थानीय रुपमा नै सम्पादन गर्न सुझाउनुभयो।

बाँकेका जनताको हितका लागि सो परियोजना आएको उल्लेख गर्दै सदस्य गैरेले नहर क्षेत्रमा भएको अतिक्रमणलाई स्थानीय तहसँग समन्वय गरेर हल गर्नुपर्ने बताउनुभयो। 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न प्रधानमन्त्री केपी ओली नेतृत्वको वर्तमान सरकार प्रतिबद्ध रहेकाले समितिले प्रस्तुत गर्ने अध्ययन प्रतिवेदनलाई सकारात्मक रुपमा ग्रहण गर्दै आयोजना निर्माणमा सघाउने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रिय जल उपभोक्ता महासङ्घका अध्यक्ष शालिकराम डाँगीले सिक्टा सिँचाइ आयोजनाले पूर्णता पाउन अझै ४० वर्ष लाग्ने आशङ्का व्यक्त गर्नुभयो। उहाँले गौरवको आयोजना भनिए पनि बाँकेका किसानको भावनाको कदर नभएको गुनासो गर्नुभयो।

स्थानीय भीम ओलीले आयोजनाको विस्तृत परियोजना प्रतिवेदन 'डिपिआर'मा नै त्रुटि रहेको आरोप लगाउँदै त्यसलाई संशोधन गर्नुपर्नेमा जोड दिनुभयो। दश वर्षभित्रै ३४ हजार हेक्टर कृषियोग्य जमिनमा सिँचाइ पुऱ्याउने योजनाका साथ थालिएको सिक्टा थप नौ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने योजना बनिसक्दा कार्य प्रगति भने आशाजनक छैन।

आयोजनास्थलको निरीक्षणमा प्रतिनिधिसभा सदस्य सूर्य ढकाल, दीपा शर्मा, प्रदेशसभा सदस्य बादशाह कुर्मी, भण्डारीलाल यादव, नेपालगञ्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्टलगायत जनप्रतिनिधि सहभागी हुनुहुन्थ्यो। सिक्टा सिँचाइ आयोजना प्रमुख राजु आचार्य र प्राविधिक सम्मिलित टोलीले आयोजनाका काम तीव्र गतिमा अघि बढाउन सरकारलाई निर्देशन दिएको छ।रासस

# कीर्तिपुरमा विकास र सुशासनका मुद्दासहित चुनाव प्रचार तीव्र




कीर्तिपुर। स्थानीय तहको उपनिर्वाचन नजिकिएसँगै कीर्तिपुर नगरपालिकामा प्रचार-प्रसार तीव्र रुपमा अघि बढेको छ। राजनीतिक पार्टीसम्बद्ध उम्मेदवारहरू पार्टीको झण्डा र ब्यानरसहित जनताको घरदैलो पुगी आफ्नो पक्षमा मत माग्न व्यस्त देखिन्छन्।

यसैगरी, स्वतन्त्र उम्मेदवारहरू पनि राजनीतिक पार्टीहरू असफल भएको भन्दै विकल्पका रूपमा साथ दिन जनतासँग अनुरोध गर्दै दौडधुप गरिहेका भेटिन्छन्। कीर्तिपुर नगरपालिकामा प्रमुख र दुईवटा वडाअध्यक्षका लागि चुनाव हुन लागेकाले अन्य विषयवस्तु ओझेल पर्नेगरी चुनावी सभा र घरदैलो अभियानले यतिबेला कीर्तिपुरको राजनीतिक माहोल तातिएको अवस्था छ।

यही मङ्सिर १६ गते हुन गइरहेको उपनिर्वाचनअन्तर्गत कीर्तिपुर नगरपालिकाको प्रमुखमा राजनीतिक दलका आठ र स्वतन्त्र १२ गरी २० जनाले उम्मेदवारी दिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

नेपाली कांग्रेसबाट उम्मेदवारी दिनुभएका कृष्णमान डङ्गोल हाल घरदैलो अभियानमा व्यस्त हुनुहुन्छ। रासससँग कुरा गर्दै उहाँले कीर्तिपुरको विकास र सम्पदा संरक्षण आफ्नो मुख्य मुद्दा भएको बताउनुभयो। "कीर्तिपुरका सम्पदा संरक्षण गर्दै विकास कार्य अघि बढाउँछु, यसो गर्दा कीर्तिपुरलाई सांस्कृतिक सहरमा परिणत गर्न सकिन्छ भन्ने विश्वास छ", उहाँको भनाइ छ। आर्थिक अभावका कारण कोही पनि बालबालिकालाई विद्यालय जानबाट वञ्चित हुन नदिने र विद्यालयमा प्राविधिक शिक्षा अघि बढाउने आफूसँग स्पष्ट योजना रहेको उहाँले बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नगरप्रमुखका उम्मेदवार डा सुरेन्द्र मानन्धर आमजनतासँग जोडिएको विकास निर्माणसँग सम्बन्धित प्रक्रिया अघि बढाउँदा स्थानीय जनताको भावना र विषयविज्ञका रायसुझावसहित जनता केन्द्रित कार्यक्रमले प्राथमिकता पाउनुपर्छ भन्ने पक्षमा आफू रहेको स्पष्ट गर्नुभयो। "कीर्तिपुरलाई कीर्तिपुरकै सांस्कृतिक र प्राकृतिक सम्पदाहरुले पाल्न सक्छन् भन्ने विश्वास मलाई छ। ती सम्पदाको विकास र प्रयोग गर्दै 'एआई'सँग रमाइरहेका अहिलेको 'स्मार्ट'पुस्ता सुहाउँदो कीर्तिपुर बनाउने मेरा योजना छ", उहाँले भन्नुभयो। कीर्तिपुरको सबैभन्दा ठूलो समस्या अव्यवस्थित र खाल्डाखुल्डीयुक्त सडक भएको बताउँदै डा मानन्धरले त्यसलाई सडक बोर्ड बनाएर स्थायी समाधान गर्ने अवधारणा आफूसँग रहेको बताउनुभयो।

नेकपा (माओवादी केन्द्र)का तर्फबाट प्रमुखमा उम्मेदवारी दिनुभएका प्राडा शिवशरण महर्जन कीर्तिपुरमा समृद्धि ल्याउनु नै आफ्नो मुख्य 'एजेन्डा' रहेको बताउनुहुन्छ। उहाँले नगरपालिकाका कामकाजमा सुशासन कायम गर्ने, पुस्तकालय एवं सङ्ग्रहालय स्थापनासहित विकास निर्माणलाई जोड दिने तथा त्रिभुवन विश्वविद्यालयसँग नगरपालिकाको समन्वय गराउने पक्षमा आफ्नो उम्मेदवारी रहेको बताउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीबाट उम्मेदवारी दिनुभएका इन्जिनियर ध्रुव महर्जन नगरपालिकामा सुशासन, खानेपानीको उचित व्यवस्थापन र सार्वजनिक विद्यालयमा प्राविधिक शिक्षाको व्यवस्था आफ्नो मुख्य चुनावी एजेण्डा रहेको बताउनुहुन्छ।नेपाल मजदुर किसान पार्टीले श्रीकृष्ण महर्जनलाई उम्मेदवार बनाएको छभने राष्ट्रिय स्वतन्त्र पार्टीले कीर्तिपुर नगरपालिकामा उम्मेदवारी दिएको छैन।

यसैगरी नगरप्रमुख पदमा उम्मेदवारी दिनुहुने स्वतन्त्र उम्मेदवारहरुले पनि चुनावी प्रचार-प्रसार अघि बढाएका छन्। उहाँहरूले विकास निर्माण, सुशासन, सांस्कृतिक सम्पदाको संरक्षण गर्न यसअघि राजनीतिक पार्टीबाट निर्वाचित मेयरहरू असफल भएको भन्दै यसपटको निर्वाचनमा स्वतन्त्र उम्मेदवारलाई साथ दिन कीर्तिपुरवासीसँग आग्रह गर्नुभएको छ। यसरी स्वतन्त्र उम्मेवारका पक्षमा मतदान गर्न आग्रह गर्नुहुनेहरूमा कविकुमार महर्जन, नरेश महर्जन, आनन्द महर्जन, राजमान मानव, डा नवरथ बानियाँलगायत हुनुहुन्छ।

प्रमुखबाहेक कीर्तिपुर नगरपालिका-१ र ४ मा वडाअध्यक्ष पदका लागि हुन गइरहेको उपनिर्वाचनमा पनि प्रमुख राजनीतिक पार्टीसहित स्वतन्त्र उम्मेदवारहरूले निर्वाचन प्रचारप्रसारलाई तीव्र बनाएका छन्। सबैजसो उम्मेदवार हरूले वडास्तरीय विकास र सुशासनलाई चुनावी मुद्दा बनाएको देखिन्छ। रासस

# वैदेशिक रोजगारीको प्रलोभन देखाएर ठगी

काठमाण्डु। वैदेशिक रोजगारीमा आकर्षको तलबको प्रलोभनमा रकम ठगी गरेको अभियोगमा तीन जना पक्राउ परेका छन्।

विभिन्न देशमा पठाइदिने भनी सर्वसाधारणबाट रकम असुल गरी सम्पर्क विहीन भएकाधनुषाको मिथिला नगरपालिका-९ का ४१ वर्षीय रवीन कोइराला, धादिङको सिद्धलेक गाउँपालिका-७ आदमटारका ३६ वर्षीय पदमबहादुर भुजेल र झापा बाह्रदशी गाउँपालिका-३का ४१ वर्षीय कार्तिकलाल राजवंशी पक्राउ परेका हुन्।

रविनले रु एक लाख, पदमले रु तीन र कार्तिक रु सात लाख ७० हजार लिई सम्पर्कबिहीन भएको भन्ने पीडितको उजुरीको आधारमाकाठमाडौंउपत्यकाअपराध अनुसन्धान कार्यालयले उनीहरुलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो।



**केवाइसी रूजु गर्ने वालेटका तीन कर्मचारी पक्राउ**

सेवाग्राहीको ग्राहक पहिचान फाराम (केवाइसी) रूजु गर्ने वालेटकै तीन जना कर्मचारी पक्राउ परेका छन्। वालेटको केवाइसी रूजु गर्न ग्राहकले अपलोड गरेका फोटो, नागरिकतालगायत विवरण डाउनलोड गरी आपराधिक गिरोहसँग कमिसन लिई अन्य व्यक्तिहरूको नाममा ५५ वटा खाता सञ्चालन गरेर आर्थिक कारोबारमा संलग्न भएको अभियोगमा उनीहरु पक्राउ परेका हुन्।

सो अभियोगमा धादिङको ज्वालामुखी गाउँपालिका-५ का २० वर्षीय साहिल श्रेष्ठ, गोरखाको सिरानचोक गाउँपालिका-४ का २२ वर्षीय सविनकुमार कुमाल र रामेछापको उमाकुण्ड गाउँपालिका-२ का २२ वर्षीय सुरेन्द्र बस्नेतलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनीहरूमाथि आपराधिक विश्वासघात गर्न नहुने कसूरमा कारबाहीका लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको छ।

**७१ किलो गाजासहित दुई पक्राउ**

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१९ तिनताप्केस्थित सडकबाट ७१ किलोग्राम गाँजासहित दुई जना प्रहरी नियन्त्रणमा परेका छन्। राक्सिराङ गाउँपालिका-९ खैराङका २० वर्षीय मिलन घलान र २६ वर्षीय दावा थिङ पक्राउ परेका हुन्।इलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीले मनहरीबाट हेटौंडातर्फ जाँदै गरेको प्रदेश ३-०१-०२४ च ३०५९ नम्बरको बोलेरोलाई जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा फेला पारी उनीहरुलाई पक्राउ गरेको हो।

झापाको कमल गाउँपालिका-७ ठुलोबाह्रघरे बस्ने ३८ वर्षीय सन्देश बस्नेत नियन्त्रित लागूऔषध ट्रामाडोल ४ हजार ९ सय ३० क्याप्सुल, स्पासेन ५ हजार २६ क्याप्सुल र डेकोलिक ४ सय २० क्याप्सुल सहित पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट बाह्रघरे र इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरिएको केन्द्रीय प्रहरी समाचारकक्षले जनाएको छ।

गौरीगन्ज गाउँपालिका-१ भन्सार चोकबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ नौ सय मिलिग्राम सहित २१ वर्षीय उत्तम राजवंशी, १९ वर्षीय गोविन्द राजवंशी र १८ वर्षीय किशोर पक्राउ परेका छन्।

**कागरेश्वरीमा आगलागी**

काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-७ अमरसिंह चोकस्थित कपुरकोट महादेब फर्निचर एण्ड फर्निसिङ पसल र किराँत एक्वारियमलगायत अन्य सहायक सामाग्री पसलमा गएराति आगलागी भएको छ। उक्त आलागीबाट करिब रु ७५ लाख क्षति भएको प्रहरीले जनाएको छ।

सिन्धुलीको दुधौली नगरपालिका-९ दुधौली बजारस्थित वसन्त खड्काको सुनकोशी जनरल स्टोरमा मंगलबार बिहान आगलागी हुँदा पसल जलेर रु १५ लाखको क्षति भएको छ। ओखलढुङ्गाको, मानेभन्ज्याङ गाउँपालिका-७ हर्कपुर बस्ने तेजप्रसाद गौतमको घरमा आगलागी हुँदा घर पूर्णरूपमा जलेर करिब रु छ लाखको धनमाल नष्ट भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।रासस

# खुला स्थानको हरियाली जीवन्तता राख्ने विषयमा अध्ययन




काठमाण्डु। काठमाडौं महानगरपालिकाले सहरीकरणले क्षय भएको 'ब्लु ल्याण्डस्केप' (नदी,पोखरी,तलाउ,धारालगायत पानीजन्य प्रणाली) र 'ग्रीन ल्याण्डस्केप' (बगैंचा, पार्क, खुला हरियाली स्थान) को जीवन्तता प्राप्त गर्ने विषयमा पूर्व सम्भाव्यता अध्ययन सुरु गरेको छ।

विसं २०८१ असार १७ गतेबाट थालिएको अध्ययन आगामी चैत १८ मा सकिनेछ। अध्ययन, आकाशे पानी सङ्कलन र भूमिगत पानी पुनःभरण, कोरिडोरलाई हरियाली र 'इकोलोजिकल' चक्र नवीकरण, बागमतीसहित उपत्यकाका नदी प्रणालीमा हरियाली, सडक सञ्जाल र तरल फोहर प्रशोधन सेवा, अनौपचारिक बस्ती व्यवस्थापन कार्ययोजना र नमूना परियोजना तथा सहरी वन, पार्क एवं खुला स्थानको उपलब्धताका विषयमा केन्द्रीत हुने बताइएको छ। सहरी योजना आयोगका सदस्य बाबुराम भट्टराईका अनुसार यसअघि गरिएका प्रयत्न क्षेत्रगत मात्र भएका कारण अपेक्षित नतिजा प्राप्त हुनसकेको छैन।

"विगतको यो कमजोरी सच्याउँदै एशियाली विकास बैंक (एडिबी) को प्राविधिक सहयोगमा एकीकृत विकासको आधारका लागि अध्ययन थालिएको हो, मानवसहित रैथाने बासस्थान भएका जीव जनावरका लागि अनुकूल वातावरण बनाउन सकेमात्र जीवन्त सहर निर्माण हुन्छ, यसका लागि हाम्रो प्रयास हो", उहाँले भन्नुभयो, "यससँगै संस्थागत र प्रणालीगत क्षमता विकास, नीति पैरवीलगायत क्षेत्रमा काम हुनेछन्।"

परम्परागत पानीका मुहान तथा राजकुलोमाथिको अतिक्रमणले ढुङ्गेधारामा पानी आउन छाड्को उहाँको भनाइ छ। भट्टराईले भन्नुभयो, "इनार सुके, बर्खाको पानी सङ्कलन हुने पोखरी नासिए, घाँसे मैदान, खेत, जलमार्गमासमेत क्रङ्क्रिटका संरचनाका ढाकिदिँदा भूमिगत पानीको सतह क्रमशः घट्दै गयो, सामाजिक र सांस्कृतिक चालचलनमा असर पुग्यो, प्रदूषण बढ्यो, यसले सहरलाई क्रमशः मानव बस्ती प्रतिकुलतातर्फ उन्मुख गराएको महानगरको ठहर छ।"

अध्ययन उप टोलीनेता एवं सहरी योजनाकार डा सञ्जय उप्रेतीका अनुसार सहरभित्र र करिडोरमा सवारी चाप बढेपछि वायु प्रदूषणको मात्रा बढेको छ। यो वातावरणीय दृष्टिले नकारात्मक प्रभाव हो। रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| वृष | : पारिवाहिक सुख। |
| मिथून | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| वृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



नेपाली काँग्रेसका केन्द्रीय सहमहामन्त्री महेन्द्र यादव, राष्ट्रियसभा सदस्य आन्नदप्रसाद ढुङ्गाना र सङ्घीय सांसद रामकृष्ण यादवलगायतका टोलीले मङ्गलबार धनुषाको कमला नदी पुल निरीक्षण गर्दै । *तस्बिरः रासस*

# क्रसर उद्योग नवीकरण गर्न सरकारसँग माग



काठमाण्डु । नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घले कानुन अनुसार दर्ता भएका क्रसर, बालुवा तथा खानी उद्योगबाट नियमानुसार दस्तुर लिई अविलम्ब नवीकरणको व्यवस्था मिलाउन माग गरेको छ ।

महासङ्घले यहाँ मंगलबार 'तेस्रो महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पदभार ग्रहण तथा सम्मान' कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रमका सहभागीले २०७७ सालमा क्रसर, बालुवा उद्योगमाथि लगाइएको दुरीसम्बन्धी मापदण्डबारे सर्वोच्च अदालतको आदेशमा मापदण्डलाई अति लचकता अपनाइ पुनःविचार गर्न भने तापनि हालसम्म मापदण्ड संशोधन नगरेकाले व्यवहारिक हुनेगरी संशोधन गर्न माग गरेको छ ।

महासङ्घका नवनिर्वाचित अध्यक्ष सीताराम न्यौपानेले प्रशोधित निर्माणजन्य सामाग्री विदेश निर्यात गर्ने व्यवस्था गरी देशलाई आर्थिक लाभ हुने मार्ग प्रशस्त गर्न सरकारसँग अनुरोध गर्नुभयो । महासङ्घको हालै सम्पन्न महाधिवेशनले अध्यक्षमा न्यौपाने, वरिष्ठ उपाध्यक्षमा चन्द्रमणि अधिकारी, क्षेत्रीय उपाध्यक्षमा कोशी प्रदेशबाट रोहितबहादुर कार्की, मधेशबाट रामनारायणप्रसाद यादव, बागमतीबाट देवराज लुइँटेल, गण्डकीबाट लीलाधर बराल र लुम्बिनीबाट मीनबहादुर शाही निर्वाचित हुनुभएको छ । महासचिवमा देवराज तामाङ चुनिनुभएको छ ।

महाधिवेशनमा देशभरका सात सय ८० क्रसर बालुवा तथा खानी उद्योगका प्रतिनिधि सहभागी थिए । सोही अवसरमा प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले क्रसर उद्योगमा देखिएका समस्या समाधानमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।रासस

# कृषि क्रान्तिका लागि फरक ढङ्गले काम गर्छौं : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा आकर्षक रोजगारीको सिर्जना र कृषि क्रान्तिका लागि फरक ढङ्गले नीति तर्जुमा गरिने बताउनुभएको छ ।



सातौँ सामाजिक सुरक्षा दिवसका अवसरमा नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) द्वारा आज आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले उत्पादन र उत्पादकत्ववृद्धि गरेर न्यायोचित वितरण गर्न आफूहरूले नयाँ ढङ्गले काम गरिरहेको उल्लेख गर्नुभयो । प्रधानमन्त्री ओलीले आफ्नै समयमा देशमा परिवर्तन ल्याउनुपर्ने भएकाले परिवर्तनको भार भावी सन्ततिलाई जिम्मा नदिने बरू त्यसको अनुभूति दिने बताउनुभयो ।

नेकपा (एमाले)का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले एमाले गफ गर्नेभन्दा काममा विश्वास गर्ने पार्टी भएकाले जिफन्टकै अग्रसरतामा मुलुकमा सफल मजदुर आन्दोलन भएको र सामाजिक सुरक्षाका कार्यक्रम ल्याउन प्रेरणा मिलेको बताउनुभयो । उहाँले सामाजिक सुरक्षा कार्यक्रम थालनी भएको सात वर्षमा उल्लेख्य काम भएको र आगामी एक वर्षभित्र सामाजिक सुरक्षा कार्यक्रमको अवस्थामा अहिलेको भन्दा प्रगति भएको अवस्था हुने विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले मजदुर र योगदानकर्ताजस्ता सरोकारवालको प्रतिनिधित्व नभई मजदुरका विषयमा निर्णय गर्ने प्रवृत्ति गलत भएको भन्दै सामाजिक सुरक्षा कोषमा त्यस्तो भएको पाइए सच्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो । जिफन्टका अध्यक्ष विनोद श्रेष्ठले कोष मजदुरमैत्री नभएको गुनासो गर्नुभएको थियो ।

कार्यक्रममा सामाजिक सुरक्षा कार्यक्रममा पालिकास्तरबाट अगुवाइ गर्ने फेदीखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदी, भीमफेदी गाउँपालिकाका अध्यक्ष हृदम लामा, बाँसगढी नगरपालिकाका प्रमुख खड्गबहादुर खड्का, बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राई, सुन्दरहरैचा नगरपालिकाका प्रमुख केदारप्रसाद गुरागाईंललाई प्रधानमन्त्री ओलीले सम्मान प्रदान गर्नुभएको थियो ।रासस

# चन्द्रपुरका २५ वटा सहकारी संस्था खारेजीमा



चन्द्रपुर । रौतहटको चन्द्रपुर नगरपालिकाको नियमन क्षेत्राधिकारभित्र रहेका विगत दुई वर्षदेखि निष्क्रिय रहेका सहकारी संस्था खारेजको लागि नगरपालिकाको सहकारी शाखाले सूचना प्रकाशन गरेको छ ।

सहकारी शाखाले चन्द्रपुर नगरपालिका सहकारी ऐन, २०७९ परिच्छेद १४ दफा ६६ उपदफा (१), (२) (३), (४), (५) र (७) तथा दफा ६७ उपदफा (१), (२) बमोजिम सहकारी संस्था विघटन तथा दर्ता खारेज गर्न सकिने हुँदा यो सूचना प्रकाशित भएको उल्लेख गरिएको छ ।

पैंतीस दिनभित्र संस्थाको दर्ता प्रमाणपत्र, सक्कल पान नं प्रमाणपत्र, पछिल्लो लेखा परीक्षणको प्रमाणित प्रतिलिपी, पछिल्लो साधारणसभा भेलाको छायाकपीलगायत आवश्यक कागजातसहित चन्द्रपुर नगरपालिका सहकारी शाखामा सम्पर्क गर्न सहकारी शाखाका प्रमुख शेख नसरे आलमले जानकारी दिनुभएको छ ।

तोकिएको समय सीमाभित्र सम्पर्क गर्न नसक्ने सहकारी संस्थालाई खारेज प्रक्रियामा लगिने शाखा प्रमुख आलमले बताउनुभयो ।

चन्द्रपुर नगरपालिकाको सहकारी शाखाद्वारा जारी पत्रमा चन्द्रसूर्य बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर ४, छहारी समाज कृषि सहकारी संस्था लि चन्द्रपुर ४, कामधेनु महिला दुग्ध उत्पादन सहकारी संस्था लि चन्द्रपुर ५, देवी कृषि सहकारी संस्था लि चन्द्रपुर ४, सक्षम कृषि सहकारी संस्था लि चन्द्रपुर ४, अनुग्रह सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर ४, चाँदी स्वास्थ्य सहकारी संस्था लि चन्द्रपुर ४ खारेजीको प्रक्रियामा रहेको उहाँले जानकारी दिनुभयो ।

यसैगरी सयपत्री बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर ४, सिद्धार्थ कृषि सहकारी संस्था लि चन्द्रपुर १०, पारिजात साथी कृषि सहकारी संस्था लि चन्द्रपुर १, कामधेनु दुग्ध उत्पादक सहकारी संस्था लि चन्द्रपुर २, सगुन कृषि सहकारी संस्था लि चन्द्रपुर २, नुनथर कृषि सहकारी संस्था लि चन्द्रपुर २, आग्रह महिला विकास बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर ४, डुमरिया महिला कृषि सहकारी संस्था लि चन्द्रपुर ९, शिवशक्ति कृषि सहकारी संस्था लि चन्द्रपुर १०, गढीमाई कृषि सहकारी संस्था लि चन्द्रपुर ९, रामायण कृषि सहकारी संस्था लि चन्द्रपुर ९ समेत खारेजीको प्रक्रियामा छन् ।

त्यस्तै कलश बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर ९, शिव बचत तथा ऋण सहकारी संस्था लि चन्द्रपुर १०, श्रमजीवी कृषि सहकारी संस्था लि चन्द्रपुर ९, गोधुली कृषि सहकारी संस्था लि चन्द्रपुर ८, आशिक कृषि सहकारी संस्था लि चन्द्रपुर ८, वृन्दावन महिला दुग्ध उत्पादन सहकारी संस्था लि चन्द्रपुर ८ र नुनथर सुचना तथा संचार सहकारी संस्था लि चन्द्रपुर चार गरेर २५ वटा सहकारी संस्थाको खारेजीको प्रक्रियाको लागि नगरपालिकाले नाम प्रकाशन गरेको छ ।रासस

# 'स्थानीयका समस्या समाधान गर्दै नौवस्ता औद्योगिक क्षेत्रको काम अघि बढाइने छ'

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदरभण्डारीलेबाँकेकोबैजनाथ गाउँपालिका-३ नौवस्तामा स्थानीय बासिन्दाका समस्या समाधान गरेर औद्योगिक क्षेत्रको काम अगाडि बढाइने बताउनुभएको छ ।

बाँकेका जनप्रतिनिधि र स्थानीय राजनीतिक दलका प्रतिनिधिसँग मन्त्रालयमा मंगलबार भएको छलफलमा उहाँले स्थानीय बस्तीको जग्गा विवाद छिट्टै समस्या समाधान गरेर औद्योगिक क्षेत्रको समस्या समाधान गरिने बताउनुभयो । औद्योगिक क्षेत्र सञ्चालनका छुट्याइएको तीन सय ३८ बिघा क्षेत्रफल जग्गामध्ये ५५ दशमलव छ बिघा जग्गामा बस्ती रहेको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा रहेको जग्गामा २०२८ सालदेखि बस्ती रहेकाले बस्तीबाहेकको जग्गामा चाँडै औद्योगिक क्षेत्रको काम अगाडि बढाउन प्रतिनिधिमण्डलले मन्त्री भण्डारीसमक्ष माग गरेको छ ।

प्रतिनिधिहरूले स्थानीयको भोगचलनमा रहेको जग्गा स्थानीयकै नाममा ल्याउने पहलका लागि मन्त्री भण्डारीलाई आग्रह गरेका थिए । बस्ती क्षेत्रमा सडक, बत्ती, पानी, खेलमैदान र विद्यालयलगायतका पूर्वाधारको निर्माण गरिएकाले अन्यत्र सार्दा स्थानीयलाई मर्का पर्ने उहाँहरूको भनाइ थियो ।

मन्त्री भण्डारीले बस्तीलाई असर नगर्ने गरी औद्योगिक क्षेत्र निर्माण कार्यमा सघाउन प्रतिनिधिमण्डललाई आग्रह गर्नुभयो । "बस्ती उठाउने हाम्रो मनसाय छैन, बस्तीबाहेकको जग्गामा काम गर्न सहयोग गर्नुस्, जग्गाको स्वामित्वको कुरा उद्योग मन्त्रालयले चाहेर मात्र नहुने भएकाले भूमि, व्यवस्था तथा गरिबी निवारण मन्त्रालयसँग आवश्यक समन्वय तथा सहजीकरण गर्न उद्योग मन्त्रालय प्रतिबद्ध छ", उहाँले भन्नुभयो, "सम्माननीय प्रधानमन्त्री ज्यूलाई यो विषयमा जानकारी नै छ, उहाँले दिएको निर्देशनबमोजिम त्यहाँ बस्तीको समस्या समाधानमा लाग्छौँ ।"

टोलीमा प्रतिनिधिसभा सदस्य दीपा शर्मा, आशा विक, लुम्बिनी प्रदेशसभा सदस्य रत्न खत्री, बादशाह कुर्मी, गाउँपालिका अध्यक्ष प्रकाशबहादुर शाही, उपाध्यक्ष निर्मला रोकाय, नेपाली कांग्रेसका गाउँपालिका सभापति देवबहादुर केसी, नेकपा (एमाले)का गाउँपालिका अध्यक्ष मनबहादुर खड्का, रास्वपाका प्रेमबहादुर खड्कालगायत सहभागी हुनुहुन्थ्यो ।रासस


## जय जनता क्याम्पस
### गड्हिया डुमरिया, सर्लाही

**बोलपत्र आव्हानको सूचना**

**प्रकाशन मिति : २०८१/०८/१२ (२७/११/२०२४)**

यस क्याम्पसको बोलपत्र सम्बन्धी सूचना IFB No. JJC/NCB/WORKS/02/2081-82 http://bolpatra.gov.np/egp मा प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नु हुन तथा सम्बन्धित website : http//bolptra.gov.np/egp visit गर्नु हुन अनुरोध छ ।

**क्याम्पस प्रमुख**

## मधेश प्रदेश सरकार
## श्रम तथा यातायात मन्त्रालय
### जनकपुरधाम, मधेश प्रदेश

**कर्मचारी आवश्यकता सम्बन्धी सुचना**

यस मन्त्रालयको स्वीकृत दरबन्दी अनुसार सुचना प्रविधि शाखा अन्तर्गत प्राविधिक सातौं (सु.प्र)-१ पद रिक्त रहेकोले करारमा कर्मचारी भर्नाको लागी योग्य नेपाली नागरीककालागी तपशिलको सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | पद | सेवा | समुह | माग पद संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | कम्प्यूटर इन्जिनियर | ईन्जिनियरिङ्ग | सुचना प्रविधि | १ (एक) | • कम्प्यूटर ईन्जिनियरिङ्गमा स्नातक वा सो सरह । • नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने । |

**दरखास्त दिने अन्तिम मिति : २०८१।०९।०२ गते सम्म ।**

विज्ञापन सम्बन्धि थप जानकारीकालागी मन्त्रालयको website: https://molt.madhesh.gov.np हेर्नुहोला ।

## श्री शुकदेव माध्यमिक विद्यालय, सुगा
### जलेश्वर न.पा.-४, महोत्तरी
मधेश प्रदेश (नेपाल)

**पदपूर्ति सम्बन्धी सूचना**

यस विद्यालयको शिक्षक छनौट समितिको मिति २०८१/०८/०६ गतेको निर्णय अनुसार तपसिलका रिक्त पदहरुमा पदपूर्तिका लागि विज्ञापन गरिएको छ ।

**तपसिल**


**विज्ञापन नं. :** १/०८१/०८२
**पद संख्या :** १ (एक)
**तह :** मा.वि.
**श्रेणी :** द्वितीय
**विषय :** भौतिक विज्ञान
**शैक्षिक योग्यता :** स्नातकोत्तर (भौतिक विज्ञान मूल विषय भएको)

**विज्ञापन नं. :** २/०८१/०८२
**पद संख्या :** १ (एक)
**तह :** नि.मा.वि. (राहत)
**श्रेणी :** तृतीय
**विषय :** विज्ञान
**शैक्षिक योग्यता :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट मुल विषय विज्ञान लिई प्रविणता प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको ।

**शर्तहरू :**

१. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
२. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
३. परीक्षा दस्तुर रु. २०००।- (दुई हजार मात्र)
४. फाराम लिने र बुझाउने स्थान : श्री शुकदेव मा.वि.सुगा (विद्यालय समय भित्र)
५. परीक्षाको किसिम : लिखित तथा मौखिक
६. आवेदन दिने म्याद : २०८१/०८/०६ गते देखि २०८१/०८/२१ गते सम्म । म्याद नाघी आएको फाराम उपर कुनै कार्यवाही हुने छैन ।
७. नियुक्तिको प्रकार : करार
८. सेवा सुविधा : नियमानुसार
९. कुनै प्रकारको नैतिक पतन हुने गरी अदालत फौजदारी अभियोग नलागेको ।
१०. महिला, दलित, जनजाति, अल्पसंख्यकलाई विशेष ग्राहयता ।
११. उपल्लो योग्यतालाई विशेष ग्राहयता ।
१२. निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने ।
१३. सम्पर्क मिति : २०८१/०८/२३ गते
१४. लिखित परीक्षाको मिति सम्पर्क मितिको दिन तोकिने छ ।
१५. पेश गरिएको सम्पूर्ण कागजात नोटरी पब्लिकबाट प्रमाणित भएको हुनुपर्ने ।
१६. सम्पर्क : ९८१७६१४५३० (अध्यक्ष), ९८५४०३२७६० (प्रधानाध्यापक)

**प्रधानाध्यापक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# ठाकुरप्रति सम्मान

अरबिन्द ठाकुरको शालिक अनावरण गरिएको छ । नेपाली कांग्रेसका सभापतिसमेत रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले ठाकुरको आफ्नै पैतृक गाउँ लोहनामा निर्माण गरिएको शालिकको अनावरण गरेका छन् । तत्कालीन राजा महेन्द्र शाहमाथि जानकी मन्दिर परिसरमा बम प्रहार गर्ने दुर्गानन्द झालाई बेपत्ता बनाइएको थियो । ठाकुरलाई पक्राउ गरी चरम यातना दिएर वर्षौ जेलमा राखिएको थियो । २०१५ सालमा निर्वाचित बीपी कोइराला नेतृत्वको सरकारलाई तत्कालीन राजा महेन्द्रले अपदस्थ गरी जेलमा हालेका थिए । त्यसको विरोध देशव्यापी रुपमा नै भएको थियो । अन्य स्थानहरुमा विरोध कार्यक्रम भए पनि जनकपुरधाममा जानकी मन्दिर दर्शन गर्न आएको बेला महेन्द्र शाहमाथि झाले बम प्रहार गरेका थिए । बम प्रहार गर्नेमा सक्रिय भूमिकामा ठाकुर पनि थिए । देशमा प्रजातन्त्र स्थापनापछि ठाकुर जेलमुक्त भएका थिए । उनी नेपाली कांग्रेसको कोटाबाट राष्ट्रिय सभा सदस्य चुनिएका थिए । जेलमुक्त भएपछि ठाकुर राजनीतिमा निरन्तर सक्रिय रहे । यद्यपि उनी पञ्चायतको क्रुर यातनाबाट शारीरिक रुपमा निर्बल भइसकेका थिए । ठाकुरले प्रजातन्त्रका लागि लड्न प्रेरणा प्रदान गर्ने अभियानी बनेका थिए । कांग्रेसको हरेक कार्यक्रममा उनी सहभागी हुने गर्थे । आफूले भोगेका पीडा सुनाउँदै प्रजातन्त्रको रक्षा नभए फेरि पनि त्यस्ता दिन फर्किन सक्ने भन्दै सचेत गराउँथे । ठाकुरको युवा अवस्थादेखि सम्पूर्ण जवानी नै जेलमा बित्यो । उनी जेलमुक्त हुँदा जीविकोपार्जनका लागि उनले अन्य कुनै काम गर्न सक्ने विकल्प थिएन । कमजोर शरिरले पनि उनी प्रजातान्त्रिक आन्दोलनमा निरन्तर लागिरहे । उनले जीवनमा सदैव कष्ट नै भोग्नु पर्‍यो । नेपाली कांग्रेसका नेताहरुले पनि उनलाई उपेक्षा गर्न थालेका थिए । कांग्रेसकै सरकार हुँदा पनि ठाकुरले अपेक्षाकृत सम्मान पाउन सकेनन् । उनलाई कांग्रेस पार्टी भित्र पनि ठूलो संघर्ष गर्नु परेको थियो । पार्टी भित्रका एउटा समूहले ठाकुरलाई असहयो गर्दा उनले पाउनै पर्ने अनेकौं अवसरबाट बञ्चित भए । चाप्लुसी गर्न नसक्ने कारणले उनी निरन्तर उपेक्षित हुनु पर्‍यो । कांग्रेसका कयौं नेताले ठाकुरलाई अवसरबाट बञ्चित गराए । उनी जीवनमा उपेक्षाकै शिकार भइरहे पनि उनकी पुत्रीले सक्रिय भएर लोहनामा शालिक निर्माण गराइदिएकी छन् । ठाकुरकी पुत्री पनि संविधानसभा सदस्यमा समानुपातिक कोटाबाट पुगेकी थिइन् । ठाकुरको परिवारलाई कांग्रेसले मात्र नभइ राज्यले नै सम्मान गर्नुपर्ने हो । देशमा अहिले आएको गणतन्त्र ल्याउन झा र ठाकुरले ६ दशक पूर्व नै प्रयास गरेका थिए । उनीहरुले राजालाई फालेर नभइ हत्या गरेर गणतन्त्र ल्याउन चाहेका थिए । ढिलै भए पनि ठाकुरप्रति सम्मान भएको छ ।

# समस्याको समाधान राजनीतिमा हो



बिन्द किशोर साह (किशोर गुरु)

नेपालमा राजनीति भन्नेबित्तिकै धेरै व्यक्तिहरूको मनमा नकारात्मक विचार उत्पन्न हुन्छ। यसको कारण विगत देखि अहिले सम्ममा भएको भ्रष्टाचार, अनैतिक व्यवहार र राजनीतिक अस्थिरताले गर्दा राजनीति र राजनीतिककर्मीहरु प्रति विश्वास घटेर गएको छ। यद्यपि राजनीति के साँच्चिकै यति खराब छ त ? के यो सुधार्न सकिन्छ र भविष्यको सकारात्मक परिवर्तनका लागि एक शक्तिशाली माध्यम बन्न सक्छ ? यो प्रश्नको उत्तर नकारात्मक छैन। राजनीति यदि सही नेतृत्व र निष्ठावान व्यक्तिहरू द्वारा गरिने हो भने, समाजमा ठूलो परिवर्तन ल्याउन सकिन्छ।

राजनीति केवल एक पद प्राप्त गर्ने वा व्यक्तिगत फाइदाको लागि गरिने प्रक्रिया होइन। राजनीति एक शक्तिशाली यन्त्र हो जसको माध्यमबाट समाज परिवर्तन र देश निर्माण गर्न सकिन्छ । राजनीति त सधै भएको छ, हरेक युगमा हुने गरेको छ । जब समाज एवं राज्यको उत्पत्ति भयो त्यसै दिन देखि राजनिती पनि हुदै आएको हो । मुख्य कुरा राजनितीमा असल मान्छे जब आयो त्यसले देश बनायो । जनता सन्तुष्ट भए । खराब नेतृत्व आयो त्यसले देश र समाज बिगाडयो । रामराज्यको कल्पना हामि सबैले गरेका हुन्छौ तर त्यहा नेतृत्व पनि त राम जस्ता थिए भन्ने कुरा हामी बिर्सन्छौ । तसर्थ असल नेतृत्वले मात्रै समाजलाई सही मार्गमा डोर्‍याउन सक्छ ।

अहिलेसम्म नेपालमा नेतृत्व गर्नेहरु ठिक नभएर नै समस्याको समाधान नभएको हो । नेपाल बन्न नसकेको हो । हामि भन्न सक्छौ, कुनै नेताले आफ्नो नेतृत्व क्षमताले देशको स्थिति सुधार्ने काम गरेका छैनन् ।नेताहरु राम्रा पनि भए होलान, इमान्दार पनि भए होलान, देश बनाउने कोशिस पनि गरे होलान तर मुख्य कुरा के हो भने देश बनेन । देश नबन्नुको अर्थ नेताहरुको नियत ठिक भए पनि देशलाई ठिक ढंगले बुझ्न नसक्नु हो । देशको संरचना एवं मनोविज्ञान अनुरुप काम गर्न नसक्नु हो । देशको बिबिधतालाइ ब्यबस्थापन गर्न नचाहनु हो ।

हुन त मधेशमा गजेन्द्र नारायण सिंह पहाडमा गोरे बहादुर खपांगी लगायतका केहि नेताहरुले जनताका हक, अधिकार र पहिचानका लागि संघर्ष गरे तर उहाहरु अनुरुप देश अझै बन्न सकेको छैन । नेपालको संविधान ०७२ निर्माण गर्ने बेलामा मधेशी, जनजाती लगायत पहिचानवादीहरुले अवाज उठाए, संघर्ष गरे तर राज्यले दबाउन हर सम्भव प्रयास गरे । देशको संरचना ठिक नहुनु एउटा समस्या हुदै हो । त्यस बाहेक अहिले राजनीतिमा भएका केहि यस्ता नेताहरू छन् जसले व्यक्तिगत स्वार्थका लागि राजनीतिमा सहभागि छन्, तिनका कारण आजको राजनीतिक अस्थिरता, भ्रष्टाचार, छाडातन्त्र र अराजकता जस्तो समस्या बढेको छ। यसबाट स्पष्ट हुन्छ कि राजनीतिमा नेताहरूको गुणस्तर र उद्देश्य महत्त्वपूर्ण हुन्छन्।

के हामीसँग नेता नभएका हुन ? अहिले विकास त छोडौं नेताले न्युनतम आचारसंहिता समेत पालना गरेको पाइदैन् । सबै जसो मेरो गोरुको बाऱ्है टक्का तथा आफू भलो त जगत भलो मै छ्न् । असली नेता त्यो हो जसले समाज, एक समूह, संस्था वा देशको नेतृत्व लिन्छ । नीति, बिधि, पद्धति, ऐन, नियम, कानुन, विचार अनुसार नेतृत्व गर्ने व्यक्ती मात्र होइन परिवर्तनशिल, सिर्जनशिल, अग्रगामी र क्रान्तिकारी अनि भिजिनरी, मिसनरी र कार्यकारी हुन्छ, नेता । तर नेपालमा अहिले सम्म नेतृत्व गरेका नेताहरु निष्ठावान, जवाफदेहिता, इमानदारीता, मर्यादित, आध्यात्मिक र शुद्ध आचरण भएको नेता बत्ती बालेर खोज्दा पनि पाइदैन् । के हाम्रो नेतामा यी गुणहरु चाहिदैन् ? पद र कुर्सिको लागि मरिहत्ते गर्ने, जुको टासिएसरि टासिइरहने, दोष जति अरुलाई थोपार्ने, आफू चाहिँ दुधले नुहाएको झै गर्ने, एक अर्कोलाई हिलो छ्याप्ने चरित्रका नेता धेरै भए ।

> राजनीति केवल समस्या होइन, समाधानको एक सशक्त माध्यम पनि हो। यदि राजनीति सही उद्देश्य, इमानदारी र दीर्घकालीन सोचका साथ अगाडि बढाइन्छ भने, यसले देश र समाजको भविष्य उज्यालो बनाउन सक्छ। हामीले राजनीतिलाई नकारात्मक दृष्टिकोणबाट हेर्ने होइन, यसको सकारात्मक पक्ष र परिवर्तन ल्याउने शक्तिलाई बुझेर यसमा सक्रिय सहभागी बन्ने प्रयास गर्नु पर्छ।

यसैले राजनीति कुनै समस्या होइन, यो एक समाधानको माध्यम हो यदि यसलाई सही नेतृत्व र मूल्यका साथ प्रयोग गरियो भने, इमानदार र निष्ठावान व्यक्तिहरूले राजनीतिमा राम्रो कार्य गर्न सक्छन् र समाजलाई सही मार्गमा डोर्‍याउन सक्छन्। राजनीतिमा सही नेतृत्वको अभावले गर्दा अहिलेको अवस्थामा अनगिन्ती समस्याहरू जन्मेका छन्, जसको समाधान अझै पनि सम्भव छ यदि हामी सही नेतृत्वमा विश्वास राख्ने हो भने।

असल र इमान्दारिताको साथ नेतृत्व गर्ने एउटा राजनीतिक व्यक्ति लाई राजनीतिमा सफल हुनका लागि धेरै समय र ऊर्जा खर्च गर्नुपर्छ, जसले गर्दा व्यक्तिगत जीवनमा असर परिरहेको हुन्छ। राजनीतिमा लागेका नेताहरूको परिवार र व्यक्तिगत जीवनमा विभिन्न चुनौतीहरू देखा पर्छन्, खासगरी जब तिनीहरूलाई लगातार जनताको कार्यमा व्यस्त हुने गर्छन। यसले राजनीतिमा समय दिने व्यक्तिहरूका परिवारलाई तनाव र असन्तोषको सामना समेत गर्नुपरेको हुन्छ।यद्यपि राजनीति कार्य वास्तबमा व्यस्तताले भरिएको हुन्छ . यदि नेताहरू सही व्यवस्थापनका साथ आफ्नो समय र ऊर्जा विभाजन गर्न सक्ने हो भने, यस चुनौतीलाई पनि सन्तुलनमा राख्न सकिन्छ, बल सफल नेताको रुपमा आफ्नो व्यक्तिगत र राजनीतिक जीवन बीच सन्तुलन बनाई उदाहरण प्रस्तुत गर्न सक्नेछन्।

सही व्यवस्थापन र समयको तालमेलले एक नेता आफ्नो परिवारको साथ समय बिताउन सक्छ र उनीहरूको भावनात्मक समर्थन पनि प्राप्त गर्न सक्छ। यसका साथै नेताहरूले आफ्नो परिवारलाई राजनीति र समाज सेवाको महत्त्व बुझाएर, त्यसमा उनीहरूको सहयोग जुटाउन पनि सक्नेछन् । यदि नेताले आफ्नो परिवारलाई यस कार्यको महत्व र उद्देश्य बुझाए भने, राजनीतिमा रहेको चुनौतीलाई पार गर्न सकिन्छ र परिवारको समर्थन पनि प्राप्त गर्न सकिन्छ।

अहिले आएर नेपालको राजनीति एक खर्चिलो प्रक्रिया बनेको छ, भन्ने कुरा कुनै लुकेको होइन। चुनाव प्रचार, पार्टीको व्यवस्थापन र अन्य गतिविधिहरूमा ठूलो रकम खर्च हुन्छ। यद्यपि, यो खर्चले कुनै रूपमा पनि राजनीतिमा रहेका समस्याहरूको समाधान खोज्नमा सहयोग पुर्‍याउँदैन। खास गरि अहिलेको राजनीति व्यावसायिक सोचको आधारमा चलेको अवस्थामा छ, त्यसकारण यसमा हुने खर्च अत्यधिक बढ्ने गरेका छन् ।राजनीतिक प्रक्रिया वा निर्वाचन स्वच्छता, पारदर्शिता र इमानदारीका साथ कार्य गरिन्छ भने, खर्चलाई नियन्त्रणमा राख्न सकिन्छ। उदाहरणका लागि यदि नेताहरूले आफ्नो पार्टी र चुनावी खर्चमा पारदर्शिता राख्ने हो भने, अनावश्यक खर्च घटाउन सकिन्छ र यसले राजनीतिमा सुधार ल्याउन मद्दत पुर्‍याउने छन्।

राजनितिमा अहिले देखिएको नेताहरु प्रतिको हिन भावनाले राजनीतिमा सम्मान र इज्जत पाउन कठिन कुरा भएको छ, राजनीतिमा सम्मान र इज्जत कुनै उपहारको रूपमा प्राप्त गर्न सकिँदैन। इज्जत भनेको व्यक्तिको व्यवहार र उद्देश्यमा निर्भर गर्छ। यदि तपाईंको उद्देश्य निस्वार्थ र जनहितमा आधारित छ भने, जनताले तपाईंलाई सम्मान गर्नेछन्। नेताले जनताको भलोको लागि कार्य गर्ने हो भने, इज्जत आफैँ आउने कुरा हो।

कतिपयले राजनीति समाजसेवाको एकमात्र विकल्प हो भन्ने गर्छन तर राजनीति समाजसेवाको एकमात्र माध्यम होइन, यद्यपि यसबाट गरिने परिवर्तनको दायरा अन्य कुनै क्षेत्रभन्दा ठूलो र प्रभावकारी हुन्छ। शिक्षा, स्वास्थ्य, पत्रकारिता र उद्यमशीलता जस्ता विभिन्न क्षेत्रहरूको माध्यमबाट पनि समाजसेवा गर्न सकिन्छ। यी सबै क्षेत्रहरूले समाजमा सकारात्मक परिवर्तन ल्याउन मद्दत पुर्‍याउँछन्, तर राजनीतिका माध्यमबाट प्राप्त हुने प्रभाव र दायरा फरक हुन्छ।

राजनीतिमा संलग्न भएर एक व्यक्ति देशको नीति निर्माणमा सक्रिय भूमिका खेल्न सक्छ र व्यापक स्तरमा परिवर्तन ल्याउन सक्छ। यसले शैक्षिक, सामाजिक र आर्थिक स्तरमा सुधार ल्याउन मद्दत पुर्‍याउँछ। त्यसैले, राजनीतिमा संलग्न भएर मानिसले समाजलाई राम्रो बनाउन सक्छ।

नेपालको राजनीतिमा इमानदार मान्छेको आवश्यकता छ ।f राजनीतिमा अनियमितता र भ्रष्टाचारको समस्या निकै गम्भीर भएको छ। यस्ता समस्याले समाजको समृद्धिमा ठूलो अवरोध पुर्‍याउँछन् र यसलाई सुधार्नका लागि इमानदार व्यक्तिहरूको आवश्यकता अत्यन्तै महत्त्वपूर्ण छ। यदि हामी इमानदार र निष्ठावान व्यक्तिहरूलाई राजनीतिमा ल्याउँदैनौं भने कसले यो क्षेत्र सुधार्ने प्रश्न खडा गर्नेछन् ?

इमानदार नेता भएपछि भ्रष्टाचारको अन्त्य गर्न र समाजमा सुधार ल्याउनको लागि संघर्ष गर्नेछन्। यसैले राजनीतिमा इमानदार व्यक्तिहरूको समावेश हुनु आवश्यक छ जसको लक्ष्य समाजको भलो र देशलाई समृद्धि बनाउने लक्ष्य हुनेछ ।

अहिलेको परिवेशमा हाम्रो देशमा सकारात्मक दृष्टिकोणको अत्यन्त आवश्यकता छ । राजनीतिको बारेमा बनाईएको गलत दृष्टिकोण बदल्नु आवश्यक छ। राजनीतिलाई नकारात्मक दृष्टिकोणले मात्रै हेर्ने हो भने, यस क्षेत्रको सुधार सम्भव छैन। राजनीतिमा सुधार ल्याउनका लागि सही दृष्टिकोण र सोच आवश्यक हुन्छ। "राजनीति फोहोर छ" भन्ने सोच राखेर टाढा बस्ने होइन, यो फोहोरलाई सफा गर्ने जिम्मेवारी लिनुपर्छ। सकारात्मक दृष्टिकोण राख्नु र यसमा सक्रिय सहभागिता जनाउनु राजनीति सुधारको लागि महत्त्वपूर्ण कदम हुनेछ।

अन्त्यमा राजनीति केवल समस्या होइन, समाधानको एक सशक्त माध्यम पनि हो। यदि राजनीति सही उद्देश्य, इमानदारी र दीर्घकालीन सोचका साथ अगाडि बढाइन्छ भने, यसले देश र समाजको भविष्य उज्यालो बनाउन सक्छ। हामीले राजनीतिलाई नकारात्मक दृष्टिकोणबाट हेर्ने होइन, यसको सकारात्मक पक्ष र परिवर्तन ल्याउने शक्तिलाई बुझेर यसमा सक्रिय सहभागी बन्ने प्रयास गर्नु पर्छ। राजनीति सुधार गर्न र समाजमा सकारात्मक परिवर्तन ल्याउन इमानदार र निष्ठावान व्यक्तिहरूको नेतृत्व आवश्यक छाहामि एकहोरो लोकतन्त्र मात्रै भन्यौ, लोकतन्त्रमा नेतृत्व कति महत्वपूर्ण हो सो कुरा बारे छलफल गरेनौ । अहिले राष्ट्रिय मुक्ति पार्टी नेपालले नायक र लोकतन्त्र संयुक्त हुन्छ त्यसैले नेतृत्व पनि महत्वहीन होइन बरु महत्वपूर्ण हो भनेर आफ्नो अवधारणा पत्रमा राखेको छ । त्यसैले अब नेतृत्व बारे पनि छलफल गरौ । सहि नेतृत्व देशलाई भविष्यमा सशक्त र समृद्ध बनाउन मद्दत गर्नेछ।

# भान्छामा नै छ बालबालिकाको पौष्टिक भोजन



डा अरुणा उप्रेती

अभिभावकहरुले यदि आफ्ना, शिशु र छाराछोरीलाई माया गर्नुहुन्छ भने उनीहरुलाई धेरै नयाँनयाँ लुगा, नयाँ मोबाइल दिनुभन्दा उनीहरुको भोजन कति पौष्टिक छ भन्ने कुरामा बढी ध्यान दिनुपर्छ । साना शिशु र बालबालिकाको स्वास्थ राम्रो पार्न र उनीहरुलाई रोगसँग लड्ने शक्ति दिलाउन बाहिरका प्याकेटका खाना, सिसीमा राखेका महङ्गो खाना, उचाइ र बुद्धि बढाउने भनेर विज्ञापन गरिएका गलत खाना होइन, आफ्नो भान्छामा जे छ त्यसैलाई शिशुको रुचिअनुसार र उसले खानसक्ने गरी बनाएर दिनुपर्छ ।

अहिलेका बालबालिका आमाबुबाले माया गरेर बाहिरका खानेकुरा दिएको देख्दा दुःख लाग्छ । एउटा त यसले बच्चाको स्वाथमा नराम्रो असर पार्छ, अर्कोतिर बच्चाले जीवनभरको लागि घरको खानाभन्दा बाहिरको खाना उत्तम हुन्छ भन्ने सिक्छ । अनि युवावस्था नपुग्दै उच्च रक्तचाप, मधुमेहको शिकार हुन्छ । प्याकेटका खानेकुरालाई राम्रोसँग सुरक्षित राख्न बढी नून र चिनी दुबै हालेको हुन्छ । बच्चाको सानो मृगौलामा त्यसले नराम्रो असर पर्छ ।

जब स्कुल जाने केटाकेटीको खाना बट्टामा बाबुआमाले नै खाजाको रुपमा चाउचाउ, बिस्कुट, कुरमुरे, दुनोट हालेको देख्छु मेरो मन कटक्क काट्छ । कतिलाई त भन्ने गर्छु, "तपाईंले बच्चालाई मन परेको भनेर यस्ता खाना दिनुहुन्छ । तर यसले त बच्चालाइ मन्द विषको काम गर्छ । मिर्गौला, मुटु, आद्रा सबै विस्तारै खराब हुँदैं जान्छ ।" यसो भन्दा कतिले 'ए हो र ! हामीलाई थाहा थिएन' भनेर बच्चाको हातबाट खोस्छन् पनि, कतिले चाही पर्ल्लक्क आँखा पल्ट्याउँदै भन्छन्, 'तपाईलाई के चासो, मेरो छोराछोरीलाई म जे मन लाग्छ दिन्छु ।' कतिले चाँही "हो हामीलाई थाहा छ, तर के गर्नु बच्चाले रोएर, मान्दैमान्दैन, अनि दिक्क लागेर दिन्छु" भन्छन् । त्यस्ता बाबुआमालाई मेरो एउटै प्रश्न हुन्छ, "के तपाईको बच्चाले रक्सी र चुरोट खान्छु भनेर लडीबुडी गरे दिनुहुन्छ ?" तुरुन्तै जवाफ आउँछ, "अहँ, दिन्न नि, त्यो त स्वास्थ्यको लागि खराब हुन्छ ।" भन्छन् अनि म भन्छु" हो, त्यसरी नै यस्ता प्याकेटका खानाले तपाईंको बच्चालाई हानि गर्छ । भोलि स्वस्थ्य युवायुवती बन्नुको सट्टा उनीहरु रोगी बन्छन् ।"

गाउँ र शहरमा बालबालिका र शिशुको खानेकुरा भनेर महङ्गो बट्टा र प्याकेटमा बेचेको देख्दा प्रायः बाबुआमाले हो त नि त्यस्तै खाना बच्चालाई दिए बच्चा शारीरिक र मानसिक रुपमा स्वस्थ बन्छ भन्ने विचार राख्छन् । कतिले भन्छन् "हाम्रो भान्छामा त शिशुलाई खुवाउनयोग्य वस्तु नै छैन ।" अनि कतिचोटी सञ्चारमाध्यमहरुमा बजारका प्याकेटका खानाको विज्ञापन आउँछ, "बच्चा एक वर्षको भएपछि घरको खानाले पुग्दैन । घरको खानामा प्रोटीन र भिटामिन हुँदैन । त्यसैले प्याकेटका खाना नै खुवाउनुपर्छ ।" विज्ञापनको प्रभावमा परेर यस्ता प्याकेटका खाना बच्चालाई दिनु हुँदैन । यस्ता खाना त गहुँ, चामल, मकैबाट नै बनाइएका हुन्छन्, जुन हाम्रो घरमा हुन्छन् नै । प्याकेटमा राखेपछि यसको मूल्य बीसौं गुना बढ्न जान्छ । फेरि यस्ता प्याकेटमा राखेका अन्न कुहिएका वा म्याद नाघेको हुन्छन् कसलाई थाहा नै हुँदैन । त्यसैले शिशु र बालबालिकालाई आफ्नै भान्छाको खाना दिनपर्छ ।

पास्नीपछि जब शिशुलाई अन्न दिन सुरु गरिन्छ, त्यसपछि थोरै थोरै चामलको पिठोको हलुवा खुवाउन सकिन्छ । शिशुलाई खान दिंदा उसलाई पहिले स्वाद लाग्दैन । शुरुशुरुमा थु थु गर्छ होला, तर विस्तारै धैर्यपूर्वक खुवाउनै जानुपर्छ । शिशुले खाएन भनेर धेरै चिनी हालेर खुवाउँदा एकछिन त शिशुले खान्छ तर चिनीले उसको स्वास्थमा राम्रो प्रभाव पार्दैन । चामलको पिठो, गहुँको पिठो आदिबाट हलुवा, लिटो बनाएर शिशुलाई खुवाउन शुरु गर्न सकिन्छ । गहुँ र चामलका पिठो, सुजी त प्रत्येकको भान्छामा हुन्छ । एक चम्चाबाट खुवाउन शुरु गरेर विस्तारै बढाउन सकिन्छ । शिशुको पेट सानो हुन्छ, त्यसैले एकैपल्ट धेरै खुवाउनु हुँदैन भन्ने हेक्का त राख्नै पर्छ । आलुलाई उसिनेर लिटो जस्तो बनाएर शिशुलाई खान दिने चलन त पुरानै हो । आलु शिशु र बालबालिकाको लागि शक्ति र विभिन्न किसिमका भिटामिन दिने राम्रो भोजन हो । तर आलुलाई बेस्सरी तेलमा तारेर वा फ्रच फ्राई जस्तो गरेर दिनु हुँदैन ।

शिशुलाई रक्तअल्पता नहोस् भनेर ध्यान पुऱ्याउनैपर्छ । भटमासको पिठो, बदामको पिठो अलिकता दूधमा पकाएर दिनाले शिशुको शरीरमा प्रोटिन पुग्छ । गाउँघरको चलनअनुसार फलामको भाँडामा पकाएको खानेकुराले शिशुलाई फाइदा गर्छ । विभिन्न प्रकारका दाल, भुटेर, चामल र मकै पनि भुटेर त्यसको सर्वोत्तम पिठो बनाएर त्यो दूध वा पानीमा पकाएर हलुवा वा मोहनभोग जस्तो गरेर दिन सकिन्छ । शिशुलाई दिनभरिमा पाँच/छ पटक खुवाउँदा शिशुको स्वास्थ राम्रो हुन्छ । खाना खुवाउँदा शिशुलाई गाली गरेर, तर्साएर, पिटेर जबर्जस्ती कोच्याएर खुवाइयो भने त्यसले शिशुको शरीरिक र मानसिक दुवै स्वास्थमा नराम्रो असर गर्दछ । कति जनाले शिशुलाई एक/दुई चोटी खुवाउन कोशिस गर्दा नखाएपछि, "आ, फुर्सद छैन । पछि खाइहाल्छ" भनेर बेवास्ता गरिदिन्छन् । यसरी हरेक दिन शिशुले लामो समय भोको बस्यो भने उसलाई कुपोषण, रक्तअल्पता, विभिन्न खनिज पदार्थको कमी हुनसक्छ । शिशुलाई रक्तअल्पता भयो भने उसको रोगसँग लड्ने शक्ति पनि कम भएर जान्छ र बारम्बार रुखाखोकी लाग्ने, छातीमा सङ्क्रमण हुने हुन्छ । साथै, उनीहरुको नयाँ कुरा सिक्ने क्षमता पनि कमी हुन्छ ।



शिशुहरुलाई आफ्नो शरीरको जति तौल हो, त्यो अनुपातमा तीन-चार गुना बढी प्रोटिन जरुरत पर्छ । उदाहरणको लागि, आठ किलो तौल भएको शिशुको लागि २४-३२ ग्राम प्रोटिन चाहिन्छ । तर यो कुनै औषधि वा क्याप्सुलको माध्यमबाट दिएर हुँदैन, भोजनबाटै नै दिइनुपर्छ । घरमा पाइने दलहन, गहुँ, कोदो, फापरको पिठो उचित तरिकाले पकाएर खान दिंदा शिशुले पोषण प्राप्त गर्छ । यी वस्तुमा भिटामिन, फोलिक एसिड, भिटामिन सी आदि पनि हुन्छन् अर्थात शरीरलाई चाहिने पौस्टिक तत्व सहजै पाइन्छ ।

रक्तअल्पता नहोस् भनेर सफा गरिएको हरियो सागलाई फलामको भाडामा पकाएर त्यसलाई हातले मुछेर अलिकता कागती हालेर खुवाउँदा सागमा रहेको लौहत्व शरीरमा राम्रोसँग शोषण हुन्छ । अहिले प्रेसरकुकरमा साग वा दाल पकाउँदा सफा फलामको डल्नो हालेर पकाउने चलन पनि छ । अमेरिकाबाट निस्किएको 'डाक्टर नभएमा' भन्ने प्रसिद्ध किताबमा प्रेसरकुकर नहुने ठाउँमा एउटा गिलासमा सफा पानीमा फलामको टुक्रा राख्ने र आधा घन्टापछि फलामको टुक्रा झिकेर कागतीको रस राखेर कही बेर छोडिदिनु र केही समय पछि त्यसको पानी प्रयोग गर्दा पनि लौह तत्व शरीरमा प्राप्त हुन्छ भनेर लेखिएको छ ।

शिशुलाई दिने लिटो फलामको भाँडामा पकाउन सकियो भने पनि लौहतत्व प्राप्त हुन्छ । दूध शिशुको लागि राम्रो भोजन हो वा त्यसमा लौह तत्व हुँदैन । यदि दूधलाई फलामको भाँडामा उमालेर शिशुलाई खान दिइयो भने त्यसबाट पनि शिशुलाई लौहतत्व प्राप्त हुन्छ । शिशु एक वर्षको भएपछि अलिकता दाँत आउन थालेपछि जब केही टोक्न खोज्छ उसलाई सानो, टुक्रा गाजर टोक्न दिन सकिन्छ । शिशुलाई गाजर, फर्सी, लौका आदि उसिनेर, मुछेर गिलो बनाएर दिन सकिन्छ । यी सबै तरकारी विभिन्न खनिज तत्वले भरिपूर्ण हुन्छन् र यसको प्रयोगले गर्दा शरीरमा रेशादार पदार्थ पनि पुग्छ । रेशादार पदार्थले शिशु र बालबालिकालाई कब्जियतबाट बचाउँछ ।

कतिपय बाबुआमाले बच्चालाई बाहिरका भिटामिन, क्याल्सियम, प्रोटिन आदि औषधिको रुपमा खान दिनुपर्छ भन्ने विश्वास गर्छन् । अनि बच्चाका लागि भिटामिनका ठूलाठूला बोतल किनेर ल्याउँछन् र बच्चालाई राम्रो स्वास्थ्य दिएका छौं भनेर खुशी हुन्छन् । तर ५० वर्षअघि जब नेपालमा भिटामिनका सिसी पाइँदैनथ्यो, हाम्रा बाबुआमाले त हामीलाई राम्रो स्वास्थ हुर्काएका थिए । यो घरकै खानाबाट सम्भव भएको हो भन्ने कुरा बिर्सन हुँदैन ।

गाउँघरमा अहिले कतिपय आमाले चाउचाउ, बिस्कुट, कुरमुरे आदि अनेकथरिका भिटामिन पाइन्छ भनेर सुनेका हुन्छन् र उनीहरुले छ महिनाको शिशुलाई चाउचाउ पकाएर दिन्छन् । मेरो मन काटिन्छ । यस्तो देखेको बेलामा त अभिभावकलाई भन्छु प्याकेटको कुराले तपाईको बच्चाको स्वास्थ साह्रै नराम्रो पार्छ, नदिनोस् । उनीहरु छक्क पर्छन्, कतिले त मैले झुटो बोलेको ठान्छन् । कुपोषित बालबालिकालाई अस्पतालमा लैजादा प्रायः स्वास्थकर्मी र चिकित्सकले, कुपोषणको ठीक पार्न गोली र भिटामिनका सिसीको भर पर्न हुन्न, भान्छाकै खानेकुरालाई राम्रोसँग बनाएर दिनुपर्छ भनेर त पक्कै भन्छन् तर अभियभावकले यसतर्फ ध्यान नै दिंदैनन् ।

शहरका अभिभावकहरुलाई चाहीँ शायद शिशुलाई भोजन भान्छामा बनाएर ख्वाउन फुर्सद हुँदैन, अनि बाहिरका प्याकेटका खानाको भर पर्छन् । जब बच्चा बिरामी पर्छन् तब डाक्टर र अस्पतालमा जाँदा जसरी भएपनि फुर्सद निकाल्छन् । बाबुआमा, बाजेबज्यै, दिदीदाजु सबैको जिम्मेवारी शिशु र बालबालिकाको भोजन र स्वास्थको लागि उतिकै हुन्छ । शिशु र बालबालिकालाई तरल पदार्थ दिने नाममा विभिन्न थरिका बट्टाका फलफूलका रस दिने चलन पनि बढ्दो छ । तर यस्ता जुसमा ८० प्रतिशतसम्म चिनीको मात्रा हुन्छ । यसले बच्चालाई एकछिन गुलियो स्वाद त दिन्छ तर कुनै पौष्टिकता दिदैन, हानी नै पुऱ्याउँछ । यसरी फलफुलको रस बनाउने कारखानामा कुहिएका, सडेका फलफूल पनि प्याकेटमा राखेपछि केही थाहा हुन्न ।

बालबालिकालाई मौसम अनुसारको कुनै पनि फलफूल अमला, अम्बा, नास्पती, आँप, लिची नै दिए स्वस्थ्य रहन मद्दत गर्छ । एउटा कुरा चाहि के विचार गर्नु पर्छ भने समय भन्दाअघि पाकेको आँप, लिची, तरबुजा आदि औषधि हालेर पकाइएका पनि हुन सक्छन् र यिनले बच्चालाई पेट दुख्न, झाडापखाला लाग्ने आदि समस्या हुन सक्छ ।

साना शिशुलाई त अभिभावकले आफूले चाहेअनुसार पौष्टिक तत्वले भरिपूर्ण भोजन दिन सक्छन् तर जब बच्चा स्कुल जान थाल्छ तब उसलाई घरको खानेकुराभन्दा बाहिरको प्याकेटको खानेकुरा खान मन लाग्ने हुन्छ । उनीहरु अरुको देखासिकी गरेर र विज्ञापनको प्रभावमा परेर प्याकेटको खानेकुरामा आकर्षित हुन्छन् । 'टाइम्स अफ इण्डिया' पत्रिकामा केही समयअघि प्रकाशित लेखमा प्याकेटमा राखेका खानेकुराहरुमा स्वाद बढाउन विभिन्न रसायनिक पदार्थ र चिल्लो पदार्थ राखिएको हुन्छ, जसले गर्दा खानेकुरा लामो समय बिग्रन दिदैन र खानेकुरा सधैँ ताजा जस्तै त देखिन्छन् तर वास्तवमा यी हानिकारक नै हुन्छन् भनी उल्लेख गरिएको थियो । त्यसैले बालबालिकाले स्कूलमा खाना वा खाजा लैजाँदा प्याकेटको वस्तु लैजान दिनु हुँदैन । घरबाट लगेको खाजा फोहोरी होइन स्वास्थ्य राम्रो हो भन्ने बुझाउनुपर्छ । यसो गर्न सकिएमा आजका बालबालिका भोलिका स्वस्थ नागरिक हुन सक्छन् । (लेखक जनस्वास्थ्य तथा पोषणविद् हुनुहुन्छ)

# सामाजिक सुरक्षाका दायरलाई विस्तार गर्न जरुरी छ : अर्थमन्त्री पौडेल




काठमाण्डु । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सामाजिक सुरक्षाका दायरलाई विस्तार गर्नुपर्ने जरुरी भएको बताउनुभएको छ ।

नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) ले सातौं सामाजिक सुरक्षा दिवसको अवसरमा मंगलबार आयोजना गरेको कार्यक्रममा अर्थमन्त्री पौडेलले एमाले नेतृत्वको सरकारले नै नेपालमा सामाजिक सुरक्षाको अवधारणा अघि सारेको र त्यसको दायरालाई विस्तार गर्ने बताउनुभयो ।

“सामाजिक सुरक्षाको अवधारणा अघि सार्ने, त्यसलाई व्यवहारिकरूपमा कार्यान्वयन गर्ने र स्थापित गर्ने अभियानको नेतृत्व नेकपा (एमाले) ले गरेको हो”, अर्थमन्त्री पौडेलले भन्नुभयो, “एमाले नेतृत्वको सरकारले गरेको हो ।” उहाँले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम ल्याएको स्मरण गराउनुभयो । उहाँले राज्यको जिम्मेवारी नागरिकप्रति छ भन्ने अवधारणाको आधारका सामाजिक सुरक्षाको अवधारणा अघि सारिएको बताउनुभयो ।

अर्थमन्त्री पौडेलले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम मौलिक सोच भएको उल्लेख गर्दै नेपाली मजदुरलाई उत्साहित र भविष्यप्रति आश्वस्त बनाउने काम गरेको स्पष्ट पार्नुभयो । उहाँले अझ व्यवहारिक बनाउन अझ परिमार्जित गर्नुपर्नेमा जोड दिँदै नेतृत्वको वर्तमान सरकारले सामाजिक सुरक्षा कार्यक्रमलाई अझ प्रभवकारी र रचनात्मक बनाउने विश्वास दिलाउनुभयो ।रासस

# निजी क्षेत्र सामाजिक सुरक्षाकोषमा आबद्ध हुनैपर्ने




काठमाण्डु । श्रम, रोजगार तथा सामाजिकसुरक्षा मन्त्री शरत्सिंह भण्डारीले सामाजिक सुरक्षा योजना कार्यान्वयनका जटिलता अन्त्य गर्न मन्त्रालयले विज्ञ समिति गठन गरेर अध्ययन जारी राखेको बताउनुभएको छ ।

सातौं सामाजिक सुरक्षा दिवसका अवसरमा मंगलबार आयोजित कार्यक्रममा उहाँले कोषका योजनालाई समयसापेक्ष बनाउन बाधक नीतिगत तथा कानुनी विषय निरुपण गर्न लागिपरेका छौँ भन्नुभयो ।

मन्त्री भण्डारीले श्रमिकको जीवनमा आइपर्ने ‘कोखदेखि शोकसम्म’का अप्ठ्यारामा सामाजिक सुरक्षा कोषले आर्थिक दायित्व वहन गर्दै आइरहेको बताउनुभयो । सरकारी सेवामा रहेका अस्थायी र करारका कर्मचारीलाई कोषमा आबद्ध गराउन अर्थ मन्त्रालयसँग परामर्श भइरहेको जानकारी दिँदै उहाँले उनीहरुलाई देखाएर निजी क्षेत्रले आफ्ना श्रमिकलाई कोषमा आबद्ध ढिलो गर्न नहुने बताउनुभयो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले सबै श्रमिकलाई सामाजिक सुरक्षा अभियानमा आबद्ध गराइ उनीहरुको आर्थिक तथा सामाजिक जोखिम घटाउनेतर्फ कोषका कार्यक्रम लक्षित रहेको बताउनुभयो । उहाँले आगामी दिनमा औपचारिक क्षेत्रका सबै श्रमिकलाई कोषमा आबद्ध गराउन सुझाव दिनुभयो ।

औपचारिक, अनौपचारिक, स्वरोजगार तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा योजनामा समेट्नु सराहनीय भएको भन्दै मन्त्री पौडेलले अन्तर्राष्ट्रिय श्रम सङ्गठले सिफरिस गरेका सबै सुविधा श्रमिकलाई दिइनुपर्नेमा जोड दिनुभयो । उहाँले सामाजिक सुरक्षा र स्वास्थ्य क्षेत्रमा छरिएर रहेका स्वास्थ्य सहयोग कार्यक्रमलाई एकीकृत गरेर स्वास्थ्य बीमा बोर्डमार्फत कार्यान्वयन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारीले श्रमिकका जीवनमा आइपर्ने जोखिम कम गर्न योगदानमा आधारित सामाजिक सुरक्षा योजनाले मद्दत गरेको बताउनुभयो । छोटो समयमा कोषले श्रमिकका हितमा उदाहरणीय काम गरिरहेको उल्लेख गर्र्दै उहाँले सामाजिक सुरक्षासम्बन्धी अन्य कार्यक्रमलाई एकीकृत गर्न सुझाव दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले करिब ८५ प्रतिशत रोजगारी निजी क्षेत्रले उपलब्ध गराएको जनाउँदै निजी क्षेत्रलाई सरकारले प्रोत्साहन गर्न आवश्यक भएको बताउनुभयो । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)का नेपाल निर्देशक नुमन ओज्कानले सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनमा राष्ट्रसङ्घीय निकायहरुबाट सहयोग निरन्तर रहने बताउनुभयो ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले सामाजिक सुरक्षा कोषलगायत अन्य क्षेत्रमा जम्मा भएको रकम उत्पादनशील क्षेत्रमा परिचालन गर्न सुझाव दिनुभयो ।नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले कोषमा जम्मा भएको रकमको १७ प्रतिशत दाबी भुक्तानी हुनुले श्रमिकको सुरक्षाका लागि सामाजिक सुरक्षा अत्यावश्यक रहेछ भन्ने पुष्टि भएको बताउनुभयो ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष योगेन्द्रकुमार कुँवरले सामाजिक सुरक्षामा श्रमिकको सहभागिता वृद्धि गर्न नीतिगत अस्पष्टतालाई हल गरेर जानुपर्नेमा जोड दिनुभयो । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का अध्यक्ष बद्री केसीले वैदेशिक रोजगारीमा रहेका सम्पूर्ण श्रमिकलाई कोषमा समेट्न अभियान नै चलाउनुपर्नेमा जोड दिनुभयो ।

कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले सामाजिक सुरक्षा योजनामा सबैको सहभागिता सुनिश्चित गर्नेतथा उद्योगप्रतिष्ठानमा श्रमिकका सुरक्षा र स्थायित्व कायम गर्दै औद्योगिक शान्ति, उत्पादकत्व वृद्धि, वैदेशिक रोजगारमा गएका श्रमिक र तिजमन परिवारको सुरक्षाका लागि सम्बद्ध सबै पक्षको सहयोग आवश्यक छ भन्नुभयो ।

**अठार लाख श्रमिक सूचीकृत**

हाल कोषमा १८ लाख श्रमिक सूचीकृत भइसकेका छन् । सोमबारसम्म औपचारिक क्षेत्रका पाँच लाख ४३ हजार चार सय ९१, वैदेशिक रोजगारमा रहेको १२ लाख ५३ हजार छ सय १५, अनौपचारिक क्षेत्रका तीन सय सात र स्वरोजगार क्षेत्रका दुई सय २७ गरी १७ लाख ९७ हजार छ सय ४० श्रमिक कोषमा आबद्ध भएका कार्यकारी निर्देशक अधिकारीले जानकारी दिनुभयो ।

कोषले श्रमिकका लागि औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना, अशक्तता, आश्रित परिवार र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गरेको छ । कोषले हालसम्म एक लाख ८० हजार नौ सय २२ श्रमिकलाई विभिन्न योजनाअन्तर्गत रु ११ अर्ब ६२ करोड भुक्तानी गरेको छ । कोषमा योगदान रकम रु ६८ अर्ब ६८ करोड सङ्कलन भएको छ ।रासस

# आर्थिक कूटनीतिलाई प्राथमिकतामा राख्न परराष्ट्रमन्त्रीको आग्रह




काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखी यसको विस्तार एवं प्रवर्धन गर्न नेपालका नवनियुक्त राजदूत एवं निर्यात व्यवसायीहरूलाई आग्रह गर्नुभएको छ ।

नेपाल सरकारद्वारा हालै नियुक्त राजदूतहरू तथा नेपालका निर्यात व्यवसायीहरूसँग मंगलबार परराष्ट्र मन्त्रालयमा भएको अन्तरक्रियामा उहाँले मुलुकको विकास र राष्ट्रिय समृद्धिको आकांक्षालाई परिपूर्ति गर्न परराष्ट्र मन्त्रालयले नीतिगत रूपमा नै आर्थिक कूटनीतिलाई समग्र कूटनीतिको प्राथमिकतामा राखेको जानकारी गराउँदै आर्थिक कूटनीतिको प्रवर्धनमा लाग्न आग्रह गर्नुभएको हो ।

मन्त्री डा राणाले भन्नुभयो, “विविध कारणले नेपाली अर्थतन्त्रले अपेक्षित गति लिन नसकिरहेको वर्तमान अवस्थामा विदेशस्थित सबै नेपाली मिसनहरूले आर्थिक कूटनीति प्रवर्द्धन गर्नुपर्ने जरूरी देखिएको छ । आफू रहेका देशबाट नेपालमा लगानी आकर्षित गर्दै यहाँका सम्भावनाहरूलाई उजागर गरी निर्यात प्रवर्द्धनमा लाग्नुहोला ।”

उहाँले नियोग मार्फत हुने आर्थिक कूटनीतिका कार्यक्रमहरूलाई प्रभावकारी र परिणाममुखी बनाउन आग्रह गर्दै यसका लागि नियोगमा पर्याप्त स्रोत साधन एवं जनशक्तिको समेत अभाव रहेकाले यसको वृद्धि गर्नेतर्फ आफू लाग्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । मन्त्री डा राणाले परराष्ट्र मन्त्रालयका लागि तत्कालै आवश्यक रहेको थप जनशक्ति परिपूर्ति गर्न हालै संगठन तथा व्यवस्थापन सर्भे गरिएको र थपिएको सो जनशक्तिले परराष्ट्र मन्त्रालय र नियोगको कार्यसम्पादनमा चुस्तता र प्रभावकारिता ल्याउने अपेक्षा गरिएको पनि बताउनुभयो ।

नेपालका निर्यात व्यवसायी एवं उद्यमीहरूले आफ्ना उत्पादनहरूलाई विदेशी बजारमा प्रतिस्पर्धा गर्न सक्नेगरी ‘प्याकेजिङ’ गर्नुपर्ने उहाँको सुझाव थियो । मन्त्री डा राणाले विदेशी बजारमा नेपाली उत्पादनको विशिष्ट पहिचान रहेकाले माग पनि हुने गरेको भन्दै स्तरीय ‘प्याकेजिङ’ सहित निर्यात गर्न सुझाव दिनुभयो ।मन्त्री डा राणाले आफ्ना उत्पादनको निर्यातका क्रममा कुनै समस्या भएमा नेपाली मिसनहरूका साथै परराष्ट्र मन्त्रालयसँग समन्वय गर्न निर्यातकर्ताहरूलाई आग्रह गर्नुभएको थियो ।रासस

# सामाजिक सुरक्षाको बृहत्तर अवधारणा अघि बढाउन सरकार प्रतिबद्ध : प्रधानमन्त्री ओली




काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार सामाजिक सुरक्षाको बृहत्तर र परिपूर्ण अवधारणालाई अगाडि बढाउन प्रतिबद्ध रहेको बताउनुभएको छ । सातौं सामाजिक सुरक्षा दिवसका अवसरमा मंगलबार शुभकामना दिँदै उहाँले सामाजिक सुरक्षा योजनालाई व्यवस्थित ढङ्गले सञ्चालन र त्यसलाई पूर्णता दिन सरकारको ध्यान केन्द्रित भएको बताउनुभयो ।

“अब कसैले अनाथ भएँ भन्नु पर्दैन, अनाथ भएर मैले अभिभावकत्व पाइनँ भन्ने स्थिति हुने छैन, मेरो रेखदेख गर्ने कोही छैन भन्ने अवस्था कसैको हुने छैन । मेरो सहारा कोही छैन भन्ने अवस्था पनि हुने छैन”, प्रधानमन्त्रीले शुभकामनामा भन्नुभएको छ, “त्यसका निम्ति राज्य छ र सरकार छ ।”

वर्तमान सरकार सामाजिक न्याय र समानतासहित समृद्धिको यात्रामा हिंडेको जनताको सरकार भएको उल्लेख गर्दै प्रधानमन्त्रीले देश र जनताप्रति निष्ठा र प्रतिबद्धता भएको यस सरकारले कसैलाई पनि एक्लो र असहाय हुन नदिने स्पष्ट पार्नुभएको छ । उहाँले कसैलाई पनि एक्लो महसुस नगर्न र सरकार साथमा छ भन्ने विश्वास लिएर अगाडि बढ्न आग्रहसमेत गर्नुभएको छ ।

नेपालको संविधानमा सामाजिक सुरक्षालाई नागरिकको मौलिक हकका रूपमा व्यवस्था गरिएको जनाउँदै प्रधानमन्त्री ओलीले संविधानको मर्मअनुसार नै सामाजिक सुरक्षासम्बन्धी अवधारणालाई व्यापक बनाउँदै लगिएको स्पष्ट पार्नुभयो । “ती अवधारणाअनुसारकाकार्ययोजनाहरू तयार गर्नु, तिनलाई नीति कार्यक्रम र बजेटमा सामेल गर्नु आवश्यक छ र हामी त्यसलाई क्रमशः अगाडि बढाइरहेका छौँ”, प्रधानमन्त्रीले भन्नुभएको छ ।

विसं २०५१ मा नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तत्कालीन सरकारले सामाजिक सुरक्षाको क्षेत्रमा ज्येष्ठ नागरिक, एकल महिला, असहाय र अशक्त आदिलाई समेट्ने नीति लिएको स्मरण गर्दै उहाँले त्यसपछि मात्रै लोककल्याकारी राज्य, सामाजिक न्याय, समानता र सामाजिक सुरक्षाको अवधारणाले मूर्तरुप लिन थालेको बताउनुभयो ।

“यहाँसम्म आइपुग्दा हामीले सामाजिक सुरक्षालाई हाम्रो सामाजिक जीवन, राज्य र समाज सञ्चालनको एउटा अभिन्न अङ्गका रुपमा बुझिरहेका छौँ र ती अनुसारको व्यवहार गरिरहेका छौँ”, प्रधानमन्त्री ओलीले भन्नुभएको छ । हरेक नागरिक आफूले पनि सामाजिक सुरक्षाको सन्दर्भमा योगदान गर्नुपर्दछ भनेर सरकारले योगदानमा आधारित सामाजिक सुरक्षाको अवधारणा अघि बढाएको उहाँले जानकारी दिनुभयो ।रासस

# बिआरआईअन्तर्गत ऋण होइन, अनुदान लिने पक्षमा सरकार छः सञ्चारमन्त्री




काभ्रेपलाञ्चोक । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले चिनियाँ परियोजना बेल्ट एण्ड रोड इनिसिएटभ (बिआरआई) अन्तर्गत सरकारले ऋण नलिने स्पष्ट गर्नुभएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको आगामी साता हुने चीन भ्रमणका क्रममा सरकारले ऋण नलिने तर अनुदान सम्झौता गर्नसक्ने सरकारका प्रवक्तासमेत रहनुभएका उहाँले बताउनुभयो ।

काभ्रेपलाञ्चोकबाट सञ्चालित ‘मदानी बिट डटकम’ समाचार ‘ पोर्टल’को प्रथम वार्षिकोत्सवका अवसरमा मंगलबार धुलिखेलमा आयोजित कार्यक्रममा “बिआरआई लागू गर्ने वा नगर्नेबारे दुई कोणबाट विचार आइरहेको छ, तर सरकार बिआरआई सम्झौता गरिहल्नपर्छ, भन्नेमा छैन, एमओयू गरेकाले कार्यान्वयन गर्नुपर्छ,” मन्त्री गुरुङले भन्नुभयो । उहाँले सरकारको नीति जहाँबाट पायो त्यहाँबाट ऋण लिने पक्षमा नभएको दोहोर्‍याउनुभयो । सञ्चारमन्त्रीले भन्नुभयो, “जुनसुकै मुलुकबाट हामी ऋण लिइहाल्दैनौँ, अनुदान भने लिन्छौँ, चीनले अनुदान दिएमा त्यो स्वीकार गर्छौं, त्यसमा सम्झौता हुनसक्छ ।”

मन्त्री गुरुङले बिआरआईप्रति मतान्तर हुनु अस्वाभाविक नभएको उल्लेख गर्दै “बुझेर बिआरआई परियोजनामा सम्झौता गर्ने देशहरुले राम्रो पनि गरिराखेका छन्, ती मुलुकमा ती आयोजना ‘गेम चेन्जर’का रुपमा कार्यान्वयन भएका हामीले देखिरहेका छौँ” भन्नुभयो । उहाँले वर्तमान सरकार लोकतन्त्र र नागरिकलाई बलियो बनाउनलागिपरेकोबताउनुभयो।उहाँले सकारात्मक सोचका साथ सरकारले विकास निर्माणका कामलाई केन्द्रमा राखेर आफ्ना गतिविधि सञ्चालन गरिरहेको बताउनुभयो ।

अन्तरमन्त्रलाय असमझदारीका कारण केही विकास परियोजनाहरु लम्बिएका पाइएकाले प्रक्रिया मिलाएर तिनलाई समाधान गर्दै अघि बढ्नु सरकारको दायित्व हो भन्नुभयो । मन्त्री गुरुङले रु १८ खर्ब ५० करोडमध्ये करिब रु तीन खर्ब मात्र पुँजीगत खर्च छुट्याउँदा आधा पनि उपयोग हुन नसकेको अवस्थामा पुँजीगत खर्च किन भएन भन्नेबारे राज्यले खोजबिन गर्नुपर्ने अवस्था आएको बताउनुभयो । “समयानुसार नीति निर्माण नभएर वा अन्य कारणले पुँजीगत खर्चमा वृद्धि भएन त्यसको लेखाजोखा गरौँ, हाम्रा कार्यशैलीमा पनि परिवर्तन गर्न आवश्यक छ । राज्य संयन्त्रलाई प्रणालीमा सञ्चालन गर्नैपर्छ विकास निर्माणलाई नै पहिलो कार्यसूची बनाउनुपर्छ”, स्रोत र साधनको समुचित सदुपयोग गर्नुपर्नेमा जोड दिँदै सञ्चारमन्त्रीले भन्नुभयो ।

मन्त्री गुरुङले सामाजिक सञ्जालमा अराजक र अमर्यादित प्रस्तुतिले प्रश्रय पाएकामा चिन्ता व्यक्त गर्दै आधारहीन समाचारको पछि नलाग्न सञ्चारमाध्यमहरुलाई आग्रह गर्नुभयो ।रासस

# इजरायली राजदूतद्वारा बिपी सङ्ग्रहालयको निरीक्षण

काठमाण्डु । गत शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेपछि नेपालका लागि इजरायलका राजदूत शुमलिक एरी बासले सोमबार सन्दरीजलस्थित बिपी सङ्ग्रहालयको निरीक्षण गर्नुभएको छ ।

इजरायल र नेपालबीचको ६४ वर्ष पुरानो कूटनीतिक सम्बन्धलाई अझ दिगो बनाउने तथा तत्कालीन प्रधानमन्त्री बिपी कोइरालाप्रति सम्मान प्रकट गर्न उहाँले सङ्ग्रहालयको भ्रमण गर्नुभएको हो ।

यहाँस्थित इजरायली दूतावासले आज जारी गरेको विज्ञप्तिमा इजरायल-नेपाल सम्बन्ध स्थापनामा दिवङ्गत प्रधानमन्त्री कोइरालाको अतुलनीय योगदान रहेको चर्चा गर्दै दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ तुल्याउन आफू प्रतिबद्ध रहेको राजदूत बासले बताउनुभएको जनाइएको छ । उहाँलाई सङ्ग्रहालयका अध्यक्ष पर्शुराम पोखेलले स्वागत गर्दै नेता कोइरालालाई नौ वर्ष बन्दी बनाइएको सुन्दरीजल जेललाई नै सङ्ग्रहालयका रुपमा विकास गरिएको जानकारी दिनुभयो ।



इजरायलका तत्कालीन प्रधानमन्त्री डेभिड बेन्गुरियन र नेता कोइरालाको दूरदर्शी निर्णयले नेपाल र इजरायलबीच इजरायलको अन्तर्राष्ट्रिय सहायता नियोग ‘मसाभ’मार्फत कृषि, शिक्षा, स्वास्थ्यका साथै ‘लर्न एण्ड अर्न’ कार्यक्रमअन्तर्गत नेपाली विद्यार्थीले व्यावहारिक कृषि कर्मबारे प्रशिक्षण लिँदै आएका छन् ।रासस

# ‘जलवायु सङ्कट सामना गर्न सहकार्य आवश्यक’

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायुजन्य समस्या समाधान गर्न सरोकारवालाबीच समन्वय आवश्यक रहेको बताउनुभएको छ ।

वन्यजन्तु सरक्षण सङ्घ नेपालले यहाँ आयोजना गरेको ‘नेपालमा चक्रिय अर्थतन्त्र तथा दिगो भविष्यतर्फ रूपान्तरण’ नामक सम्मेलनको उद्घाटन गर्दै मन्त्री शाहीले जलवायुजन्य सङ्कट सामना गर्न समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभएको हो । उहाँले जलवायु परिवर्तनका कारण बाढीपहिरो, डुबान, हिमपहिरो, हिमताल विस्फोट, हिउँ पग्लने, पानीको मुहान सुक्ने, अतिवृष्टि र अनावृष्टि जस्ता समस्याले विश्वकै अर्थतन्त्रमा असर गर्ने भएकाले जलवायुजन्य असर न्यूनीकरणका लागि सबैको पहल आवश्यक रहेकोमा जोड दिनुभयो । “हामीले लिएको दिगो विकासको लक्ष्य प्राप्तिका लागि पनि संरक्षणमा काम गर्ने सबै दातृ निकायको सहयोग आवश्यक छ,” उहाँले भन्नुभयो, “अहिले जलवायु परिवर्तन विश्वव्यापी समस्याको रुपमा छ ।”

केही दिनअघि बाकुको अजरबैजानमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (यूएनएफसिसिसी) का पक्ष राष्ट्रहरुको २९औँ शिखर सम्मेलन (कोप २९) पनि जलवायु परिवर्तनले पुर्‍याएको असर र समाधानका लागि नेपालले पैरवी गरेर आएको मन्त्री शाहीले बताउनुभयो । वन्यजन्तु सरक्षण सङ्घ नेपालका वरिष्ठ कार्यक्रम अधिकृत सुभासचन्द्र खरेलले आजदेखि सुरु भएको सम्मेलन बुधबार सकिने जानकारी दिनुभयो । “सम्मेलनले सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज र शैक्षिक जगतलाई एकसाथ अनुभव साट्न र नेपालको चक्रिय अर्थतन्त्र अभ्यासलाई प्रवर्द्धन गर्न सहकार्य तथा समन्वयात्मक मञ्च प्रदान गर्ने उद्देश्य राखेको छ,” उहाँले भन्नुभयो, “सम्मेलनले नेपालको चक्रिय अर्थतन्त्र निर्माणमा योगदान पुर्‍याउने साझेदारीलाई बढवा दिन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।”

सम्मेलनमा नेपाल सरकारका प्रतिनिधि, दातृ निकायका प्रतिनधि, विभिन्न सङ्घ संस्था, चक्रिय अर्थतन्त्रमा आधारित उद्योग व्यवसाय, युवा उद्यमी, विद्यार्थी, पत्रकार, वातावरणविद, समाजसेवी लगायतको उपस्थिति छ । सम्मेलनमा विभिन्न शीर्षक अन्तर्गत ‘प्यानल’ छलफल समेत गरिने आयोजकले जनाएको छ ।रासस

# भारतकी 'विद्रोही' मुसलमान राजकुमारी जो बाघ मार्थिन् र रोल्स-रोयस चलाउँथिन्

बीबीसी

काठमाण्डु । अबिदा सुल्तान साधारण राजकुमारी थिइनन्।उनी छोटो कपाल पाल्थिन्। बाघको सिकार गर्थिन् र पोलो खेलकी उम्दा खेलाडी थिइन्। उनी विमान चलाउँथिन् र नौ वर्षको उमेरबाटै रोल्स-रोयस चलाएर घुमफिर गर्थिन्।



तात्कालिक ब्रिटिश भारतको उत्तरमा राजारजौटाहरूको शासन रहेको राज्य भोपालमा सन् १९१३ मा पराक्रमी 'बेगम'हरूको परिवारमा उनी जन्मिएकी थिइन्। अबिदाले उच्च ओहदाका महिलाहरूको विरासतलाई कायम राख्ने क्रममा महिला, त्यसमा पनि मुसलमान महिलासँग, जोडिएका परम्परागत मान्यताहरूलाई चुनौती दिएकी थिइन्। उनले बुर्का लगाउन अस्वीकार गरिन्। मुसलमान महिलाहरू बुर्का लगाउने गर्छन् र कतिपय हिन्दू महिलाहरूले पनि पुरुषहरूले नदेख्ने गरी घुम्टो हालेर आफ्नो अनुहार ढाक्ने गर्छन्। उनी १५ वर्षको उमेरमा राजगद्दीकी उत्तराधिकारी बनेकी थिइन। उनले एक दशकभन्दा बढी समय आफ्ना पिताको मन्त्रिपरिषद् चलाइन्। भारतका चर्चित स्वतन्त्रता सेनानीहरूसँगै उभिएर काम गरिन्। उनले सन् १९४७ मा पाकिस्तानको विभाजनसँगै देखा परेको घृणा र हिंसालाई प्रत्यक्ष देख्न पनि पाइन्।

उनलाई सानै उमेरदेखि आफ्नी हजुरआमा सुल्तान जहाँको रेखदेखमा शासनसत्ताकी उत्तराधिकारी हुने गरी प्रशिक्षित गरिएको थियो। कडा मिजासकी सुल्तान जहाँले भोपालमा शासन गरेकी थिइन्।

**आत्मविश्वास र खुलापन**

सन् २००४ मा प्रकाशित आत्मवृत्तान्त 'मेम्वार्स अफ रेबल प्रिन्सेस'मा अबिदाले आफूले सबेरै ४ बजे उठेर कुरान वाचन गरेको सम्झना गरेकी छन्। त्यसपछि उनले खेलकुद, सङ्गीत र घोडचढी सिक्ने जस्ता गतिविधिमा व्यस्त हुनुपर्थ्यो। त्यसबाहेक भुइँमा कुचो लगाउने र स्नानघर सफा गर्ने काम पनि गर्नुपर्थ्यो।

"हामी केटीहरूलाई हाम्रो लिङ्गको आधारमा हीन महसुस गर्न दिइँदैन्थ्यो। सबै कुरा समान थियो। केटाहरूलाई जस्तै स्वतन्त्रता हामीलाई थियो। हामी घुम्थ्यौँ, रूख चढ्थ्यौँ र मन लागेको खेल खेल्थ्यौँ। त्यहाँ कुनै पनि नियन्त्रण थिएन," उनले एउटा अन्तर्वार्तामा भनिन्।अबिदा सानैदेखि आक्रामक र स्वतन्त्र थिइन्। तेह्र वर्षको उमेरमा हजुरआमाले बुर्का लगाउन बाध्य पारेपछि उनले त्यसविरुद्ध विद्रोह गरिन्।

आफ्नो आत्मविश्वास र आफ्ना पिताको खुल्ला सोचाइले उनलाई आजीवान उक्त अभ्यासबाट टाढै रहन सहयोग पुऱ्यायो। भोपालकी गद्दीकी उत्तराधिकारी उनी छिमेकी कुरवाई राज्यको राजपरिवारसँग पनि जोडिन पुगेकी थिइन्। बाह्र वर्षको उमेरमा अबिदाको विवाह उनका बाल्यकालका साथी सार्वर अलि खानसँग भयो। खान कुरवाईका शासक बने। आफ्नो आत्मवृत्तान्तमा उनले आफ्नो बिहे हुँदा आफूलाई केही थाहा नभएको भन्दै त्यसलाई रोमाञ्चक ढङ्गले प्रस्तुत गरेकी छन्।

उनले लेखेकी छन् - एक दिन आफ्ना आफन्तका छोराछोरीसँग सिरानी हानाहान गर्दै खेलिरहेको बेला मयमा हजुरआमा कोठामा पसिन् र उनलाई विवाहका लागि लुगा लगाउन भनिन्। कसैले पनि बेहुली उनै भएको कुरा बताएनन्।

"कसैले पनि मलाई तयार गरेको थिएन वा कसरी व्यवहार गर्ने प्रशिक्षण दिएको थिएन। त्यही भएर निकाह हुने कोठामा म त्यहाँ जम्मा भएका महिलाहरूलाई धकेल्दै पुगेँ। मेरो अनुहार ढाकिएको थिएन। अरू बेला जस्तै कुनै नयाँ प्रयोगका लागि त्यस्तो गरिएको होला भन्दै म ठुस्स परिरहेकी थिएँ," उनले लेखेकी छन्।अबिदाको विवाह समारोह सङ्क्षिप्त थियो। उनको विवाह एक दशकभन्दा कम समयमात्रै टिक्यो। अबिदाका लागि वैवाहिक जीवन गाह्रो थियो। कलिलो उमेरका कारण मात्रै त्यस्तो नभएर कडा र धार्मिक हुर्काइको प्रभावले पनि त्यस्तो हुन पुग्यो।

उनले यौनबारेको अज्ञानता र असहजताका कारण आफ्नो विवाह प्रभावित भएको खुलेरै लेखेकी छन्। "मेरो विवाहलगत्तै म वैवाहिक आघातको अवस्थामा प्रवेश गरे। मलाई थाहा थिएन कि यौन सम्बन्धले मलाई भयभीत, अचेत र अपवित्रजस्तो महसुस गराउँछ," उनले लेखेकी छन्।उनले श्रीमान् र श्रीमतीबीचको वैवाहिक सम्बन्धलाई स्वीकार गर्ने बिन्दुमा आफू नपुगेको पनि उल्लेख गरेकी छन्। उनको विवाह टिकेन।

**छोराका लागि झगडा**

दक्षिण एशियाका मुस्लिम महिलाका आत्मवृत्तान्तमा उल्लेख भएको यौन र अन्तरङ्ग सम्बन्धबारेको एउटा शोधपत्रमा इतिहासकार सिओभान लाम्बर्ट-हर्लीले अबिदाको पतिसँगको यौन सम्बन्धबारेको इमान्दार अभिव्यक्तिले मुसलमान महिलाहरू यौनका बारेमा लेख्दैनन् भन्ने मान्यतालाई खण्डन गरेको उल्लेख गरेकी छन्। उनका अनुसार उक्त विषयमा अबिदाले धक नमानीकन लेखेकी छन्।

वैवाहिक सम्बन्ध भङ्ग भएपछि अबिदा कुरवाई छाडेर भोपाल नै फर्किएकी थिइन्। तर उक्त जोडीका एक मात्र सन्तान शहरयार मोहम्मद खानलाई कसले पाल्ने भन्ने विषयमा निक्कै नराम्रो झगडा भएको थियो। लामो विवाद र छोरासँग अलग नहुने चाहनाका कारण अबिदाले आफ्ना पतिलाई पछि हट्न बाध्य पार्न कडा कदम उठाइन्।

सन् १९३५ को मार्च महिनाको एक दिन अबिदा तीन घण्टा निरन्तर गाडी चलाएर पतिको कुरवाईस्थित घर पुगिन्। उनी सुत्ने कोठामा प्रवेश गरिन् र पेस्तोल निकालिन् अनि त्यसलाई पतिको काखमा फ्याँक्दै भनिन्, "मलाई मार वा म तिमीलाई मारिदिन्छु।" त्यस क्रममा उनीहरूबीच हात हालाहाल नै भयो। त्यसमा अबिदाले जितिन्। त्यसले छोराको अभिभावकत्वसँग सम्बन्धित विवादलाई समाप्त पारिदियो। राजगद्दीको उत्तराधिकारीको जिम्मेवारीसहित उनले एक्लै छोरा हुर्काइन्। उनले सन् १९३५ देखि १९४९ सम्म आफ्नो राज्यको मन्त्रिपरिषद् सञ्चालन गरिन्। त्यसपछि भोपाललाई भारतको मध्य प्रदेश राज्यमा गाभिएको थियो।

अबिदा भारतको भविष्यबारे निर्णय लिन ब्रिटिश सरकारले आह्वान गरेका गोलमेच सम्मेलनहरूमा पनि सहभागी भइन्। त्यस क्रममा उनले महात्मा गान्धी, मोतीलाल नेहरू र भारतका प्रथम प्रधानमन्त्री समेत बनेका उनका छोरा जवाहरलाल नेहरूसँग भेटघाट गरेकी थिइन्।सन् १९४७ मा भारतको विभाजनपछि हिन्दू र मुसलमानबीच बिग्रँदो सम्बन्ध र त्यसपछि भड्किएको हिंसाको उनी साक्षी रहिन्।

**भारत विभाजित भएपछि पाकिस्तान बसाइँ**

आफ्नो आत्मवृत्तान्त उनले भोपालमा आफूले महसुस गर्न थालेको विभेदको चर्चा गरेकी छन्। पुस्तौँदेखि शान्तिपूर्ण ढङ्गले त्यहाँ बसोबास गरिरहेकोमा आफूहरूलाई 'बाहिरिया' जस्तो व्यवहार गरिएको उनले लेखेकी छन्। एउटा अन्तर्वार्तामा उनले हिन्दू र मुसलमानबीच दङ्गा फैलिएपछिको एउटा दुःखदायी घटनाको सम्झना गरेकी थिइन्।

एक दिन भारत सरकारले उनलाई मुसलमान शरणार्थीहरू चढेको सवार रेल भोपाल आउन लागेको जानकारी गराएपछि अवस्थाको निरीक्षण गर्न उनी रेल्वे स्टेशनमा पुगेकी थिइन्।"डिब्बाहरू खुल्दा सबै मरेका थिए," उनले भनिन्। उनले त्यही हिंसा र अविश्वासका कारण आफू सन् १९५० मा पाकिस्तान गएको लेखेकी छन्।

हल्लाखल्ला नगरी आफ्ना एक मात्रै छोरालाई लिएर सुनौलो भविष्यको अपेक्षासाथ अबिदाले भारत छाडिन्। उनले आफ्नो राजनीतिक जीवन लोकतन्त्र र महिला अधिकारको पैरवी गर्दै बिताइन्। सन् २००२ मा कराचीमा उनको निधन भयो। उनी पाकिस्तान गएपछि भारत सरकारले उनकी बहिनीलाई राजगद्दीको उत्तराधिकारी बनायो। तर अझै पनि भोपालमा अबिदाको चर्चा हुन्छा त्यहाँ उनलाई मानिसहरू 'बियाँ हुजुर' उपनामले सम्झिन्छन्।

"विगतका केही वर्षहरूमा भएको धार्मिक राजनीतिले उनको विरासतमा केही धक्का पुगेको छ र उनीबारे त्यति धेरै कुरा हुँदैन," भोपालका महिला शासकबारे अनुसन्धान गरिरहेका पत्रकार शम्स उर रहमान अल्भी भन्छन्।"तर उनको नाम तत्काल बिर्सिने अवस्था भने छैन।"

# एसिया कप खेल्न जाने नेपाली क्रिकेट टोलीको बिदाइ



काठमाण्डु । एसिसी यु-१९ एसिया कपमा सहभागी हुन संयुक्त अरब इमिरेट्स (युएई) तर्फ लागेका नेपाली टोलीलाई नेपाल क्रिकेट सङ्घ (क्यान)ले मंगलबार सफलताको शुभकामना दिँदै बिदाइ गरेको छ।

क्यानद्वारा यहाँ आयोजित एक कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङ, क्यानका सचिव पारस खड्कालगायतले नेपाली टोलीलाई बिदाइ गर्नुभएको हो।

एसिया कप यही मङ्सिर १४ देखि २३ गतेसम्म हुँदैछ। उक्त प्रतियोगितामा नेपाल समूह 'बी' मा छ। नेपालको समूहमा अफगानिस्तान, बङ्गलादेश र श्रीलङ्का छन्। नेपालले प्रतियोगिता उद्घाटनकै दिन श्रीलङ्कासँग खेल्नेछ। त्यस्तै नेपालले दोस्रो खेल १६ गते बङ्गलादेशसँग खेल्नेछ भने तेस्रो खेल १८ गते अफगानिस्तानसँग खेल्ने छ।

टोलीको मुख्य प्रशिक्षकमा शक्ति गौचन हुनुहुन्छ भने सहायक प्रशिक्षकमा धिरेन्द्र चन्द हुनुहन्छ। मुख्य प्रशिक्षक गौचनले नेपाली टोलीले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाली टोलीको कप्तानमा हेमन्त धामी छन्भने उपकप्तानमा अर्जुन कुमाल छन्। त्यस्तै टोलीको अन्य सदस्यमा आकाश त्रिपाठी, रञ्जित कुमार,उत्तम थापामगर, मायन यादव, नरेन साउद, युनिशविक्रम सिंह ठकुरी, सन्तोष यादव, युवराज खत्री, रोशन विश्वकर्मा, नरेन भट्ट, विपिनकुमार महतो, अपराजित पौडेल र अभिषेक तिवारी छन्।रासस

# दावेदारका रुपमा 'कर्णाली याक्स'

काठमाण्डु । प्रतियोगिता सञ्चालन हुन चार दिन मात्र बाँकी रहेको नेपाल प्रिमियर लिग (एनपिएल) फ्रेन्चाइज क्रिकेट प्रतियोगितामा कर्णाली याक्सलाई उपाधि दावेदारका रुपमा हेरिएको छ।




पहिलोपटक आयोजना हुन लागेको उक्त प्रतियोगितामा कर्णाली याक्स हिमालयन बिल्डर्स एण्ड इन्जिनियर्सको स्वामित्वमा रहेको छ। कर्णाली प्रदेशको प्रतिनिधित्व गर्ने टोली कर्णाली याक्समा राष्ट्रिय क्रिकेट टोलीको अलराउण्डर सोमपाल कामी मार्की खेलाडीका रुपमा रहेका छन्। विभिन्न अन्तर र्राष्ट्रिय प्रतियोगितामा नेपालले सहभागिता जनाउँदै उनले महत्वपूर्ण योगदान दिएका छन्। नेपालले दुईपटक विश्वकपमा सहभागिता जनाउँदा सोमपालले उत्कृष्ट खेल प्रदर्शन गरेका थिए।

विश्वकपमा नेपालले दुईपटक भाग लिँदा दुवै खेल खेल्ने सोमपाल नेपालका एक्लो खेलाडी हुन्। सोमपालसँगै टोलीमा राष्ट्रिय टोलीका युवा अलराउन्डर गुल्शन झा, देव खनाल, रित गौतम, नन्दन यावद, अर्जुन घर्ती, मौसम ढकाल, भुवन कार्की, दीपेन्द्र रावत, युनिशविक्रम सिंह ठकुरी र दीपक डुम्रे छन्।

यसैगरी, कर्णालीले आफ्नै क्षेत्रका दीपेन्द्र रावत, अर्जुन घर्ती र युनिश सिंह ठकुरीलाई पनि समेटेको छ। कर्णाली याक्सका अधिकांश खेलाडीसँग राष्ट्रिय टिम र घरेलु क्रिकेट प्रतियोगिता खेलेको अनुभव छ। यससँगै कर्णाली याक्सले थप पाँचजना विदेशी खेलाडी भित्र्याएको छ। एनपिएलमा हरेक टोलीले कम्तीमा चार विदेशी खेलाडी अनिवार्य अनुबन्ध गर्नुपर्नेछभने आवश्यकता हेरेर एक टोलीले छ जनासम्म विदेशी खेलाडी राख्न पाउने प्रावधान छ। जसअनुसार कर्णालीले पाँच विदेशी खेलाडीलाई अनुबन्ध गरेको हो।

कर्णाली याक्सले भारतीय चर्चित खेलाडी शिखर धवनलाई अनुबन्ध गर्दै चर्चा बटुल्न सफल भएको छ। नेपाली क्रिकेटमाझ धवनको आगमनले कर्णाली टोलीको शोभासमेत बढेको अनुमान गर्न सकिन्छ। कर्णाली याक्सबाट धवनसँगै हङकङका बाबर हायात, पाकिस्तानका हुसेन तलात, वेस्ट इन्डिजका चाडविक वाल्टन र ओमानका जिशान मोक्सुदले खेल्दैछन्। सन् २०१३ को च्याम्पियन्स ट्रफी तथा सन् २०१६ र २०१८ को एसिया कप क्रिकेट प्रतियोगिताको उपाधि भारतले जित्दा ३९ वर्षीय बायाँहाते ब्याटर धवनले टोलीका महत्वपूर्ण सदस्य थिए।

आइपिएलमा धवन सहभागी टोली सनराइजर्स हैदराबादले आइपिएलको उपाधि जितेको थियो। उनले आइपिएलमा सनराइजर्स हैदरावादसँगै दिल्ली क्यापिटल्स, डेक्कन चार्जर्स र पञ्जाब किङ्सबाट खेलिसकेका छन्। केही समयअघि मात्र धवनले सबैखाले क्रिकेटबाट सन्यासको घोषणा गरेका थिए।

कर्णाली याक्सले भित्र्याएको अर्को चिरपरिचित खेलाडीको नाम हो हायात। हङकङका विस्फोटक ब्याटर हायातले पनि नेपालमा आयोजना भएका विभिन्न लिग खेलिसकेका छन्। हङकङको टोलीबाट धेरैपटक नेपाल आएर खेलिसकेका हायातले कर्णाली याक्सबाट उत्कृष्ट खेल खेल्ने अपेक्षा गरिएको छ। हायातले यसअघि पोखरा प्रिमियर लिग, एभरेस्ट प्रिमियर लिग र धनगढी प्रिमियर लिग खेलिसकेका छन्।

कर्णाली याक्सले धेरै अपेक्षा राखेको खेलाडीमध्ये पाकिस्तानका बायाँहाते खेलाडी तलात पनि एक हुन्। उनले अलराउण्डरको भूमिका निर्वाह गर्नेछन्। दक्षिण अफ्रिकाको एमजान्सी सुपर लिग तथा पाकिस्तान सुपर लिग खेलेका तलातले यसअघि नेपालमा आएर टी २० क्रिकेट खेलिसकेका छन्। सन् २०२२ मा भएको नेपाल टी २० लिगमा उनले विराटनगर सुपर किंग्सबाट खेलेका थिए।

नेपालका लागि अर्का परिचित नाम हो वेस्ट इन्डिजका दायाँहाते ब्याटर वाल्टन। जसलाई कर्णाली याक्सले अनुबन्ध गऱ्यो। वाल्टनसँग पनि नेपालमा खेलेको अनुभव छ। वेस्ट इन्डिजका लागि अन्तर्राष्ट्रिय खेल खेल्दै आएका उनले यसअघि नेपालमा आएर टी ट्वान्टी क्रिकेट खेलिसकेका छन्। सन् २०२२ मा भएको नेपाल टी२० लिगमा उनले जनकपुर रोयल्सबाट खेलेका थिए।

वाल्टनले बङ्गलादेश प्रिमियर लिग, श्रीलङ्का प्रिमियर लिग, क्यारेबियन प्रिमियर लिग, पाकिस्तान सुपर लिग, ग्लोबल टी २० लिगजस्ता विश्वका धेरै लिगहरू खेलिसकेका छन्। ओमानका पूर्वकप्तान तथा अलराउण्डर मक्सुद पनि अनभुवी ब्याटर र बलर हुन्। उनले ओमानका लागि थुप्रै अन्तर्राष्ट्रिय खेल खेलेका छन्। उनीसँग नेपाल आएर खेलेको अनुभवसमेत छ। उनको आगमनसँगै कर्णाली याक्सको ब्याटिङ र बलिङ लाइन बलियो हुने आशा गरिएको छ। कर्णाली याक्सले उनलाई पाँचौँ नम्बरमा अनुबन्ध गरेको थियो।

सोमपालले कर्णालीको चिसो पानीको ताकत मैदानमा देखाउने प्रधानमन्त्री केपी शर्मा ओलीले चर्चा गर्नुभएको थियो। उहाँले अर्को टी-ट्वान्टी विश्वकप खेल्ने तयारीमा राम्ररी जुट्नसमेत सल्लाह दिनुभएको थियो।

कर्णाली याक्सका मुख्य प्रशिक्षकमा राष्ट्रिय टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ल हुनुहुन्छ। उहाँले आफ्नो टोलीको तयारी राम्रो रहेको बताउँदै उपाधि जित्ने विश्वास व्यक्त गर्नुभयो। त्यस्तै कर्णाली याक्स टोलीको आइकोनिक खेलाडीमा विपिनप्रसाद शर्मा छन्भने ब्राण्ड एम्बासडर नायिका स्वस्तिमा खड्कालाई अनुबन्ध गरेको छ।

कर्णाली याक्सले आज नै सिसन बानियाँलाई 'युथ ब्रान्डएम्बेस्डरमा' नियुक्त गरेको छ। उनी नेपाली भ्लगिङ समुदाय र नेपाली सिनेमामा परिचित व्यक्तित्व हुन्। नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा यही मङ्सिर १५ देखि पुस ६ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा कर्णाली याक्सले आफ्नो पहिलो खेल जनकपुरसँग खेल्नेछ।

प्रतियोगितामा कर्णाली याक्ससँगै काठमाडौं गोर्खाज, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स, चितवन राइनोज, विराटनगर किंग्स, जनकपुर बोल्ट्स, र सुदूरपश्चिम रोयल्स गरी आठ टोलीको सहभागिता रहेको छ।रासस


# नेटो र युक्रेन बीच नयाँ रूसी क्षेप्यास्त्र प्रहारका विषयमा वार्ता

एएफपी

ब्रसेल्स ।युक्रेन र नेटोका ३२ सदस्य राष्ट्रका राजदूतहरूले गत हप्ता रूसले प्रयोगात्मक हाइपरसोनिक मध्यवर्ती दूरीको क्षेप्यास्त्र प्रहार गरेको विषयमा केनिद्रत रहि मङ्गलबार ब्रसेल्समा भेट वार्ता गरेका छन्।

रूसले बिहीबार युक्रेनी सहर डिनिप्रोमा आक्रमण गरेको थियो जसलाई राष्ट्रपति भ्लादिमिर पुटिनले आफ्नो नयाँ ओरेसनिक मिसाइलको परीक्षण भएको बताउनु भएको थियो। क्रेमलिनका नेताले युक्रेनलाई रूस विरुद्ध आफ्नो हतियार प्रयोग गर्न दिने देशहरूमा सैन्य सुविधाहरूमा तैनातीले "नेटोका सहयोगीलाई युक्रेनलाई समर्थन गर्नबाट नरोक्ने वार्ताका सहभागीहरुले जनाएका छन्। बैठकले "युक्रेनको हालको सुरक्षा अवस्थाबारे छलफल गरी भिडियो लिङ्कमार्फत युक्रेनी अधिकारीहरूबाट ब्रीफिंग समावेश गर्ने नेटोका एक अधिकारीले बताएका छन्। मुख्य नेटो शक्ति संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्प पुनः निर्वाचित भएपछि पश्चिमी समर्थनको भविष्यका बारेमा प्रश्नहरू उठिरहेको समयमा युक्रेनलाई तनाव बढेको छ।

ट्रम्पले किएभका लागि वासिङ्टनको सैन्य सहायता कायम




आक्रमण गर्न मस्कोलाई "अधिकार" प्राप्त भएको भएको चेतावनी दिएका छन्।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आक्रमणलाई रूसको मुर्खाता भन्दै पछिल्लो लडाइँ र नयाँ खतरालाई सामना गर्न अद्यावधिक हवाई-रक्षा प्रणालीका लागि अपील गर्नु भएको ।नेटो-युक्रेन काउन्सिलको बैठक पछि किभले "ठोस र अर्थपूर्ण परिणामहरू" प्राप्त गर्ने आशा गरेको छ। यद्दपी नेटोका कूटनीतिज्ञ र अधिकारीहरूले मङ्गलबारको परामर्शबाट कुनै नतिजाको खुलासा गरेका छैनन्।

मस्कोको नयाँ हतियारको राख्नमा शङ्का व्यक्त गर्दै युद्ध अन्त्य गर्न द्रुत सम्झौताको वाचा गर्नु भएको छ। नेटोका वरिष्ठ कमान्डर रोब बाउरले भन्नु भयो "म कल्पना गर्न सक्दिन कि पुटिनलाई विजेताका रूपमा ती सम्भावित वार्ताबाट बाहिर निस्कन अनुमति दिनु अमेरिकाको हितमा छ"।

युद्ध मैदानमा युक्रेनका थकित सैनिकहरू देशको पूर्वमा रूसी सेनाको प्रगति रोक्न सङ्घर्ष गरिरहेका छन् ।नेटो र युक्रेनले सन् २०२३ मा संयुक्त परिषद्को स्थापना गरी किएभलाई उपयुक्त देखिएमा गठबन्धनसँग बैठक बोलाउन अनुमति दिएका थिए।

# पाकिस्तानमा इमरान खानलाई रिहा गर्न माग गर्दै हजारौं समर्थक राजधानीमा



बीबीसी

काठमाण्डु । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई जेलबाट रिहा गर्न माग गर्दै उनका हजारौँ समर्थक राजधानी इस्लामाबादमा भेला भइरहेका छन्।आन्दोलनको नेतृत्वकर्तामध्येकी एक खानकी पत्नी बुशरा बीबीले खान रिहा नभएसम्म प्रदर्शन समाप्त नहुने बताइन्।देशका विभिन्न स्थानबाट खानका हजारौँ समर्थकहरू राजधानीमा भेला भएका हुन्। कतिपय स्थानबाट जुलुसहरू राजधानी पुग्ने क्रम जारी छ।

खानले आफ्ना समर्थकहरूलाई "निर्णायक प्रदर्शन"का निम्ति आह्वान गरेका थिए। अधिकारीहरूले इस्लामाबादमा लकडाउन गरेका छन्।राजमार्गहरू बन्द गरिएका छन् भने केही निश्चित स्थानहरूमा मोबाइल र इन्टरनेट पनि बन्द गरिएको छ।खानकी पत्नी बीबीले खानको निर्देशनमा समर्थकहरू आइतवारबाट राजधानीतर्फ आउन सुरु गरेका र "अवरोधहरू पार गर्दै इस्लामाबाद पुग्ने" बताएकी छन्।

राजधानीमै रहन आह्वान खानका समर्थक र प्रहरीबीच दोस्रो दिन पनि झडप भएको छाप्रहरीले आइतवार प्रदर्शनकारीविरुद्ध अश्रुग्यास प्रहार गर्नुका साथै सयौँलाई हिरासतमा लिएको थियो।अधिकारीहरूले हालसम्म हिरासतमा लिइएका सयौँका निम्ति विशेष कारागार तयार पारेका छन्।खानले सरकारले आफ्ना मागबारे सम्बोधन नगर्दासम्म प्रदर्शनकारीहरूलाई राजधानीमै रहन भनेका छन्। पूर्वप्रधानमन्त्री खान भ्रष्टाचारको अभियोगमा एक वर्षभन्दा बढी समयदेखिजेलमाछन्।आफूमाथिका अभियोगहरूलाई अस्वीकार गर्दै आएका उनी जेलमै भए पनि बलियो विपक्षी शक्तिका रूपमा कायम छन्।

यसैबीच पीटीआई पार्टीका नेताहरूले राजधानी नजिकैको रावलपिण्डी जेलमा रहेका खानलाई भेटेको बताइएको छापार्टीका कामचलाउ अध्यक्ष गोहर अली खान लगायतले उनलाई भेटेका हुन्।इस्लामाबाद उच्च अदालतले खानको पीटीआई पार्टीले नेतृत्व गरेको प्रदर्शन गैरकानुनी भएको जनाएको छाबेलारुसका राष्ट्रपति अलेक्सान्डर लुकासेन्को आफ्नो तीन दिन भ्रमणमा आएका बेला उक्त प्रदर्शनहरू भइरहेका छन्।

आइतवार राति इमरान खानका समर्थकहरूले उनको समर्थनमा रिहा गर्न माग गर्दै नाराहरू लगाएका थिए। उनीहरूले खानको पक्षमा असङ्ख्य मानिसहरू रहेको पनि बताए। यसअघि खानले पाँच महिनाअघि राज्यका गोप्य कुरा चुहाएको अभियोगमा अदालतबाट सफाइ पाएका थिए।तर अर्को एउटा मुद्दामा दोषी ठहर भएको हुनाले उनी जेलबाट छुट्न भने पाएका थिएनन्।

गत फेब्रुअरीमा भएको निर्वाचनअघि ७१ वर्षीय खानलाई तीनवटा मुद्दामा जेल सजाय सुनाइएको थियो।उनले राजनीतिक दुराशय राखेर आफूविरुद्ध ती मुद्दा हालिएको दाबी गर्दै आएका छन्।सन् २०२२ मा उनी प्रधानमन्त्रीबाट हटेका थिए।उनलाई एउटा कूटनीतिक दस्तावेज सन् २०२२ मा सार्वजनिक गरेको अभियोगमा मुद्दा परेको थियो।उक्त मुद्दामा उनलाई ज्यानुअरीमा १० वर्षको जेल सजाय सुनाइएको थियो।

# बाख्रापालनबाट वार्षिक १५ लाख आम्दानी



दाङ । तुलसीपुर उपमहानगरपालिका-१० टरिगाउँका ४० वर्षीय रुद्रगोपाल डाँगीले उन्नत जातका बाख्रापालन व्यवसायबाट वार्षिक रु १५ लाखसम्म आम्दानी गरिरहनुभएको छ । नेपाल प्रहरीबाट सेवानिवृत्त भएपश्चात् विसं २०७५ देखि व्यावसायिक बाख्रापालन सुरु गर्नुभएका उहाँले सबै खर्च कटाएर वार्षिक रु छ लाख बचत हुने गरेको बताउनुभयो ।

डाँगीले कृषि तथा पशुपालन क्षेत्रमा सम्भावना खोज्दै साहारा पशुपालन फार्म खोलेर उन्नत जातका बाख्रापालन सुरुआत गर्नुभएको थियो। उहाँले व्यावसायिक तरिकाबाट उन्नत जातका बाख्रापालन गरेर छोटो समयमा एक सफल बाख्रापालक किसानका रूपमा आफूलाई चिनाउन सफल हुनुभएको छ । विगत छ वर्षदेखि सो पेसामा आबद्ध डाँगीले अहिले दुई जना स्थानीयलाई रोजगारीसमेत दिनुभएको छ।

सुरुका वर्षमा स्थानीयको एक कच्चीघरसहित केही जमिन भाडामा लिएर व्यवसायको सुरु गरे पनि अहिले आफ्नै पाँच कठ्ठा जमिनमा बाख्राका लागि खोर तथा घाँसका लागि रूख निर्माण गरेको डाँगीले बताउनुभयो । उहाँका अनुसार फार्ममा अहिले साना र ठूलागरी दुई दर्जनबढी बाख्रा छन् । दसैंको समयमा १० वटा खसी आठ वटा बोका बिक्री गरेको डाँगीले जानकारी दिनुभयो। खसी अधिकांश २५ किलो माथि र बोका १३ देखि १५ किलोका बिक्री गर्दा मनग्ये आम्दानी भएको भन्दै जिउँदो खसी प्रतिकेजी रु आठ सय र बोका जिउँदो रु सात सय ६५ का दरले बिक्री गरेको उहाँले बताउनुभयो ।

डाँगीले फार्ममा अहिलेसम्म रु १५ लाखबढी लगानी भइसकेको बताउनुभयो। खसी, बोका र बाख्राको मल बिक्रीबाट वार्षिक रु १४ देखि १५ लाखसम्म आम्दानी हुने गरेको जनाउँदै सबै खर्च कटाएर वार्षिक रु छ लाखसम्म बचत हुने गरेको उहाँले उल्लेख गर्नुभयो । घाँसको पर्याप्त उत्पादन नहुँदा, दाना तथा चरणलगायत अन्य सामग्री खरिद गर्नुपरेकाले लागत खर्च बढेको पनि डाँगीले बताउनुभयो । "अहिलेसम्म सरकारी निकायबाट केही प्राविधिक सहयोग पाए पनि आर्थिक सहयोग कुनै निकायबाट पाएको छैन", उहाँले भन्नुभयो ।

कम लगानीमा छोटो समयमा मनग्य आम्दानी गर्न सकिने भएकाले अहिले फार्ममा विभिन्न ठाउँबाट बाख्रा हेर्न, जानकारी लिन तथा खरिदका लागि मानिस आउने गरेका डाँगीले बताउनुभयो । किसानद्वारा उत्पादित सामग्रीलाई बजार व्यवस्थापनमा स्थानीय सरकारले सहयोग गर्नुपर्ने सुझाव दिँदै युवालाई स्वदेशमा रोजगारीका अवसर सृजना गर्न कृषिमा अनुदान, आर्थिक सहयोग तथा सीप विकासमा स्थानीय सरकार केन्द्रित हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।रासस

# सगरमाथा क्षेत्र छोड्ने विदेशी पर्यटकको संख्या बढी


सोलुखुम्बु । विश्वको सर्वोच्च शिविर सगरमाथा क्षेत्र छोड्ने विदेशी पर्यटकको संख्या ७० प्रतिशतले बढेको छ । चिसो बढेसँगै पछिल्लो समय सगरमाथा क्षेत्र प्रवेश गर्नेको तुलनामा बाहिरिने पर्यटकको संख्या ७० प्रतिशतले बढेको हो । पछिल्लो एक सातामा जहाजमार्फत सात सय ११ विदेशी पर्यटक लुक्ला ओर्लिंदा दुई हजार चार सय पर्यटकले सगरमाथा क्षेत्र छोडेका नेपाल नागरिक उड्डयन प्राधिकरण लुक्लाले जनाएको छ ।

कार्यालयका 'एटिसी अफिसर' सञ्जय श्रेष्ठका अनुसार मङ्सिर ४ गते दुई सय २३ जना भित्रिँदा तीन सय ६२, ५ गते एक सय १९ भित्रिँदा तीन सय २० र ६ गते ८० भित्रिँदा तीन सय ७४ जना विदेशी पर्यटक जहाजमार्फत लुक्लाबाट बाहिरिएका छन् । यस्तै मङ्सिर ७ गते ८८ भित्रिँदा तीन सय तीन, ८ गते ५३ पर्यटक भित्रिँदा चार सय ८१ जना, ९ गते एक सय ३६ भित्रिँदा तीन सय तीन जना र १० गते एक सय ३२ पर्यटक भित्रिँदा दुई सय ५७ जना बाहिएका प्राधिकरणको तथ्याङ्क छ ।

चिसो अधिक बढेकाले विदेशी पर्यटक सगरमाथा क्षेत्रबाट भ्रमण छोट्याएर फर्किनेक्रम उच्च रहेको पर्यटन व्यवसायी डिकबहादुर दर्नालले बताउनुभयो । कतिपय पर्यटक चिसोले गर्दा माथिल्लो क्षेत्र नपुगी लुक्ला नाम्चेबाट फर्कने गरेका उहाँको भनाइ छ । दर्नालले भन्नुभयो, "पानी जम्न थालेपछि खासै विदेशीहरू माथि जान मान्दैनन् । अहिले चिसो ह्वात्तै बढेको छ, त्यसैले लामो दिनको भ्रमणमा आएकाहरू दिन छोट्याएर फर्किने गरेका छन् ।" नाम्चेभन्दा माथिल्लो क्षेत्रमा कात्तिकको सुरुआतमा सामान्य हिमपात भएकाले चिसो बढेको उहाँको अनुमान छ ।

**लुक्लाबाट फर्किने जहाजमा यात्रुको घुइँचो**

"सिजन (पर्यटकीय मौसम) ढल्किएसँगै काठमाडौँ र रामेछापबाट जहाजहरू खाली आउछन् तर यहाँबाट फर्किंदा जहाजमा यात्रुको घुइँचो हुन्छ । कतिपय अवस्थामा टिकट पाउन मुस्किल छ, यो बेला भ्रमण छोट्याएर फर्किने धेरै विदेशीहरू भएकाले यात्रुको चाप थेगिनसक्नु छ", प्राधिकरणका एटिसी अफिसर श्रेष्ठले रासससँग भन्नुभयो । उहाँका अनुसार काठमाडौँ तथा रामेछापको मन्थलीबाट कार्गो लिएर आएका जहाजहरूले पर्यटक लिएर फर्कने गरेका छन् ।



लुक्ला आउने पर्यटक यतिबेला सीमित भएकाले अधिकांश जहाजहरूले कार्गो सामग्री लिएर आउने गरेका नागरिक उड्डयन प्राधिकरण लुक्लाले जनाएको छ । यही कारणले पनि फर्किने यात्रुले विमानको टिकट पाउन मुस्किल पर्ने गरेको व्यवसायीहरूले बताउँछन् । लुक्ला आउने टिकट पाउने भए पनि यहाँबाट फर्किने जहाजको टिकट लिन चार/पाँच दिनअघिदेखि बुकिङ गर्नुपर्ने बाध्यता रहेको पर्यटक गाइड पेम्बा शेर्पाले बताउनुभयो । विदेशी पर्यटकको चापका कारण नेपालीलाई टिकट पाउन मुस्किल हुने गरेको उहाँको भनाइ छ ।

लुक्लाबाट काठमाडौँका लागि विदेशी पर्यटकलाई रू २९ हजार चार सय ८० र नेपालीलाई रू ११ हजार भाडा निर्धारण गरिएको छ । भाडादर विदेशीको बढी भएकाले विमान कम्पनीको पहिलो प्राथमिकतामा विदेशी पर्ने गरेका यात्रुको गुनासो छ । जहाज टिकट पाउन मुस्किल भएपछि कतिपय पर्यटकहरू हिँडेर जिल्ला सदरमुकाम सल्लेरी हुँदै सल्लेरीबाट जीपमार्फत काठमाडौँ फर्किने गरेका छन् ।

लुक्ला विमानस्थलमा अहिले झण्डै एक सयको हाराहारीमा जहाजले उडान भर्ने तथा अवतरण हुने गरेका छन् । निजी कम्पनीका तारा, सीता र समिट एयरलाइन्सले मात्रै उडान भर्ने गरेका प्राधिकरणले जनाएको छ । फर्किने पर्यटकको चाप बढेसँगै सुरक्षामा खटिएका नेपाल प्रहरी र पर्यटक प्रहरीको व्यस्तता पनि बढेको छ । कार्यक्षेत्रमा खटिएकाहरू पर्यटकको सुरक्षा र तथ्याङ्क लेखाजोखामा बढी व्यस्त रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले बताउनुभयो ।

"सिजनमा भित्रिनेको चाप थियो, अहिले फर्किने विदेशी पर्यटकको चाप बढी भएकाले नेपाल प्रहरीलाई सोहीअनुसार उनीहरुको सुरक्षामा परिचालन गरिएको छ, चार हजार चार सय १० मिटरको उचाइमा रहेको दिङ्बोचेमा प्रहरी चौकी छ, त्यहाँका प्रहरीले सगरमाथा आधार शिविरसम्म गस्ती गर्छन्", प्रहरी नायब उपरीक्षक घिमिरेले भन्नुभयो । सगरमाथा क्षेत्रमा वर्षको दुई सिजनलाई प्रमुख पर्यटकीय समय मानिन्छ । फागुन १५ देखि जेठ १५ गतेसम्म र असोज, कात्तिक र मङ्सिर मध्यसम्मलाई मुख्य पर्यटकीय सिजन मानिन्छ भने त्यसबाहेकका समयलाई 'अफसिजन' मानिन्छ ।

सगरमाथा क्षेत्र सगरमाथा राष्ट्रिय निकुञ्जअन्तर्गत पर्दछ । यो क्षेत्र विशेषगरी हिमाल आरोहण, वन्यजन्तुको अवलोकन र साहसिक पर्यटनका लागि धेरैको रोजाइमा पर्ने गरेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत सुष्मा रानाले बताउनुभयो । विसं २०३२ मा स्थापना भएको सगरमाथा राष्ट्रिय निकुञ्ज एक हजार एक सय ४८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । पूर्वी नेपालको सोलुखुम्बु जिल्लामा रहेको यो राष्ट्रिय निकुञ्जमा विश्वको सर्वोच्च शिखर सगरमाथासहित छ हजार मिटरभन्दा अग्ला ल्होत्से, नुप्से, चोयु, ल्होत्सेसार, पुमोरी, आमादब्लम, थामसेर्कुलगायत हिमचुचुरा पर्दछन् ।

निकुञ्जभित्रको गोक्यो र सम्बद्ध ताललाई सन् २००७ मा रामसार सूचीमा समावेश गरिएको थियो । सन् १९७९ देखि यस निकुञ्जलाई विश्वसम्पदा सूचीमा समावेश गरिएको हो । यो निकुञ्ज एक हजार आठ सय मिटरदेखि आठ हजार आठ सय ४८ मिटरसम्मको उचाइमा छ । यहाँ कस्तुरी मृग, थार, घोरल, लङ्गुर बाँदर, मोनाल, हाँइटे, हर्न लार्क, टिबेटन स्नो कक, चुग आदि पक्षी पाइन्छन् । यहाँको हिमाल आरोहण, ट्रेकिङ मात्र नभई सांस्कृतिक भ्रमणले वार्षिक हजारौँ पर्यटकलाई आकर्षित गर्दै आएको छ । तेङ्बोचे गुम्बासहित चर्चित धार्मिक क्षेत्रहरुले यस क्षेत्रको पर्यटक आकर्षणलाई वृद्धि गरेको स्थानीले बताएका छन् ।रासस

# एमएडब्लू हायर पर्चेजले पायो उत्कृष्ट करदाताको सम्मान

**टुडे समाचारदाता**

काठमाण्डु । आन्तरिक राजस्व कार्यालय विराटनगरले एमएडब्लू हायर पर्चेजलाई यस वर्षको उत्कृष्ट करदाताको सम्मान प्रदान गरेको छ ।

१३औं राष्ट्रिय कर दिवस तथा कर सप्ताहको समापन समारोहमा कार्यालयले एमएडब्लूलाई उत्कृष्ट करदाताको रूपमा सम्मान गरेको हो। प्रमुख कर अधिकृत भूपालराज शाक्य र मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले कम्पनीका महाप्रबन्धक प्राणनाथ भट्टराईलाई प्रमाणपत्र प्रदान गर्दै सम्मान गरेका थिए।



नेपाल राष्ट्र बैंकको इजाजतपत्र प्राप्त एमएडब्लू हायर पर्चेज वि.सं. २०६८ मा स्थापना भएको हो। कम्पनीले सजिलो र झन्झटमुक्त हायर पर्चेज समाधानहरू प्रदान गर्दै साना तथा मझौला उद्यमीहरूलाई व्यवसायिक सवारीसाधन र भारी उपकरणको वित्तीय समाधान उपलब्ध गराउँदै आएको छ।

एमएडब्लू इन्टरप्राइजेजको सहायक कम्पनीका रूपमा स्थापना भएको यो कम्पनीले साना तथा मझौला उद्यमीहरूलाई वित्तीय लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुर्याएको छ।

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । मंगलबारका लागि तय भएको विदेशी मुद्राको विनिमयदरअनुसार सोमबारको तुलनामा अमेरिकी डलर, अष्ट्रेलियन डलर, क्यानेडियन डलर, सिङ्गापुर डलर, चिनियाँ युआन, साउदी अरेबियन रियाल, थाई भाट, हङ्कङ डलर र ओमानी रियालको मूल्य घटेको छ । त्यस्तै, युरोपियन युरो, युके पाउण्ड स्ट्रलिङ, स्वीस फ्रयाङ्क, स्वीडिस क्रोनरको भने मूल्य बढेको छ ।



राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ५७ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ १७ पैसा कायम भएको छ ।युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ०८ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ७१ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ६९ रुपैयाँ २० पैसा र बिक्रीदर एक सय ६९ रुपैयाँ ९६ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ २२ पैसा र बिक्रीदर एक सय ५१ रुपैयाँ ८९ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ५७ पैसा र बिक्रीदर ८७ रुपैयाँ ९६ पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रुपैयाँ ३५ पैसा र बिक्रीदर ९६ रुपैयाँ ७८ पैसा, सिङ्गापुर डलर एकको खरिददर ९९ रुपैयाँ ९२ पैसा र बिक्रीदर एक सय रुपैयाँ ३७ पैसा निर्धारण गरिएको छ ।जापानी येन १० को खरिददर आठ रुपैयाँ ७१ पैसा र बिक्रीदर आठ रुपैयाँ ७५ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ५८ पैसा र बिक्रीदर १८ रुपैयाँ ६६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८४ पैसा र बिक्रीदर ३६ रुपैयाँ, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९७ पैसा र बिक्रीदर ३७ रुपैयाँ १३ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ८९ पैसा र बिक्रीदर तीन रुपैयाँ ९१ पैसा, घटेको युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८० पैसा, बढेको मलेसियन रिङ्गेट एकको खरिदर ३० रुपैयाँ २३ पैसा र बिक्रीदर ३० रुपैयाँ ३६ पैसा, साउथ कोरियन वन एक सयको खरिदर नौ रुपैयाँ ६० पैसा र बिक्रीदर नौ रुपैयाँ ६४ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ २५ पैसा र बिक्रीदर १२ रुपैयाँ ३० पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ९१ पैसा र बिक्रीदर १९ रुपैयाँ तोकिएको छ ।रासस

# 'ड्रागन फ्रुट बिक्री गर्न समस्या छैन'

वालिङ । यहाँका एक किसानले 'ड्रागन फ्रुट' बिक्रीबाट रु १८ लाख आम्दानी गर्न सफल हुनुभएको छ । स्याङ्जाको वालिङ-१ धरमपानीमा व्यावसायिक रूपमा ड्रागनखेती गर्नुभएका कृष्णप्रसाद ढुङ्गानाले ड्रागन बेचेर रु १८ लाख आम्दानी गर्नुभएको हो ।

चार हजार पाँच सय केजी ड्रागन बिक्री गरेर उक्त आम्दानी लिन सफल भएको व्यवसायी ढुङ्गानाले बताउनुभयो । असी रोपनी जग्गा भाडामा लिएकोमध्ये ४० रोपनीमा तीन वर्षअघि व्यावसायिक ड्रागनखेती गर्नुभएका ढुङ्गानाले यस वर्ष एकै याममा मनग्य आम्दानी गर्न सफल हुनुभएको हो ।

"असी रोपनी जग्गा भाडामा लिएर व्यवसाय थालेको हुँ", उहाँले भन्नुभयो, "सुरुमा मलाई केही पनि ज्ञान थिएन, युट्युब हेर्दै काम गर्न थालेँ, सिक्दै गएँ अहिले धेरै राम्रो भएको छ, कमाई पनि राम्रो भएको छ ।" ड्रागन थोकमा प्रतिकेजी रु चार सयका दरले र खुद्रामा प्रतिकेजी रु पाँच सयका दरले बिक्री भएको उहाँले बताउनुभयो । यहाँ उत्पादन भएको ड्रागन पोखरा, स्याङ्जा र वालिङमा खपत भएको हो ।



आफ्नो र बाँकी जग्गा दाजुभाइको भाडामा लिएर अहिले ४० रोपनीमा पाँच हजार ड्रागनले फल दिएको उहाँले बताउनुभयो ।

"नयाँ र नौलो व्यवसायको थालनी गर्दा हेर्न आउनेहरूले के नचाहिँदो काम गरेको होला भनेर होच्याउने गर्थे, पागल भएछ कि क्या हो समेत भन्थे", उहाँले भन्नुभयो, "अहिले व्यवसाय राम्रो भएर आम्दानी लिन थालेपछि पहिला नराम्रो भन्नेहरू पनि हेर्न र बुझ्न बगैँचामा आउने गरेका छन् ।"

उहाँले एउटा पिलरमा तीनवटाका दरले ड्रागनका बेर्ना लगाउनुभएको छ । ड्रागन बगैँचामा बिरुवाको बीच-बीच भागमा अदुवा, सखरखण्ड, पिँडालुलगायत मिश्रित बाली लगाउनुभएको छ । "नयाँ र नौलो फल भएकाले यहाँ आउनेलाई खान दिने, आफन्तलाई कोसेली पठाउनेसमेत गरियो", उहाँले भन्नुभयो, "आम्दानी अझै धेरै हुन्थ्यो, वर्षामासमा परेको निरन्तरको झरीले झण्डै रु १० लाखको ड्रागनको फूल नै नष्ट गरिदियो ।" उहाँले ड्रागन फलसँगै बेर्ना पनि बिक्री गरी आम्दानी गर्दै आउनुभएको छ ।

उत्पादन गर्न सकेको खण्डमा बजारको कुनै समस्या नरहेको कृष्णका भाइ अमृत ढुङ्गानाले बताउनुभयो । अमृतले दाजुले उत्पादन गर्नुभएको ड्रागनको सम्पूर्ण बजारीकरणको जिम्मा लिनुभएको छ । "यहाँ उत्पादन भएको ड्रागन पोखरा, स्याङ्जा तथा स्थानीय वालिङ बजारमा र केही बगैँचाबाट नै बिक्री भयो", उहाँले भन्नुभयो, "ड्रागनको बजार माग राम्रो भएकाले बिक्री नहुने समस्या भएन बरु मागअनुसार खपत गर्न सकेनौँ ।"

बगैँचामा यसपटक ड्रागन फलेर सकियो तर अझै पनि विभिन्न ठाउँबाट माग आउने क्रम जारी भएको अमृतले बताउनुभयो । अहिले ४० रोपनीमा फैलिएको ड्रागन बगैँचालाई विस्तार गरी ८० रोपनी क्षेत्रफलमा पुर्याउने लक्ष्य रहेको अमृतले बताउनुभयो ।

झोलामा फाइल बोकेर हिँड्ने नक्कली किसानलाई राज्यले अनुदान दिने गरेकामा उहाँको दुखेसो छ । "वास्तविक किसानले मेहनत गर्छन् तर उनीहरू राज्यले दिने अनुदानमा पर्दैनन्", उहाँले भन्नुभयो, "यसले काम गर्दैन तर पहुँच पुर्याउँछ उसैलाई राज्यले अनुदान दिँदा दुःख लाग्दोरहेछ, यद्यपि हामीले अनुदानको आशमा व्यवसाय थालेका भने होइनौँ ।" केन्द्र, प्रदेश तथा स्थानीय सरकारले अनुदान सुरुमै नभई उत्पादनका आधारमा दिनुपर्ने माग उहाँको छ ।रासस

# व्यावसायिक सिँगडाखेतीबाट गाउँमै लाखौँ आम्दानी

राँझा । जानकी गाउँपालिका-२ नेवाजीगाउँका किसान प्रेम कश्यपले व्यावसायिक सिँगडाखेती (पानी उम्रिएर लहरोमा फल लाग्ने ) गरेर गाउँमा नै लाखौँ रुपैयाँ आम्दानी गर्न सफल हुनुभएको छ । गाउँमा रहेको तलाउमा सिँगडाको व्यावसायिक रूपमा खेती गरेर एक याममै रु चार लाख आम्दानी गर्दै आउनुभएको छ । उहाँले गाउँमा रहेको १५ कट्ठाभन्दा बढी क्षेत्रफल भएको तलाउ गाउँपालिकासँग भाडामा लिएर वर्षौंदेखि सिँगडाखेती गर्दै आउनुभएको छ ।

"अहिले सिँगडाको याम हो, यामभर ६० क्विन्टलभन्दा बढी सिँगडा बिक्री गर्छु, क्विन्टलको रु छ हजारका दरले बिक्री भइरहेको छ", हामीले सिँगडाखेती गर्दै आएका छौँ, यसैको आम्दानीबाट घरपरिवार चल्दै आएको छ", उहाँले भन्नुभयो, "१५ कट्ठाभन्दा बढी तलाउको गाउँपालिकासँग वार्षिक २० हजार तिर्ने गरी भाडामा लिएको छु ।"

बाँकेका विभिन्न तलाउ तथा पोखरीमा सिँगडाखेती गर्ने गरिन्छ । बाह्रै महिना उत्पादन नहुने हुनाले यामका बेलामा यसको माग बढी हुने गरेको छ । यामका बेलामा किसानले यस खेतीबाट राम्रो आम्दानी गर्दै आएका छन् । असारमा तलाउमा सिँगडाको बीउ रोप्ने र कात्तिक-मङ्सिरमा त्यसबाट फल उत्पादन हुने किसान कश्यपले बताउनुभयो ।

"सिँगडाको बीउ असारतिर पानीमा हाल्छौँ, कात्तिक-मङ्सिरमा



उहाँले भन्नुभयो, "व्यापारी गाउँमै सिँगडा खरिद गर्न आउँछन्, बिक्री गर्न समस्या छैन ।"एकपटक बीउ लगाएपछि यामभरमा तीन पटकसम्म सिँगडा टिप्न मिल्छ । सिँगडा खरिद गर्न नेपालगञ्जबाट खुद्रा व्यापारी गाउँमा नै आउने गरेका छन् । माग बढी आएका बेलामा चार-पाँच जना ज्यालादारी मजदुर लगाएर सिँगडा टिपाउने गरेका किसान कश्यपले बताउनुभयो ।

कश्यपको आठ जनाको परिवारका सबै सदस्यले सिँगडाखेतीमा साथ दिँदै आउनुभएको छ । बिहानदेखि साँझसम्म सिँगडा टिप्ने, जम्मा गर्ने र बिक्री गर्न भ्याइनभ्याई हुने गरेको छ । "यो हाम्रो पुख्यौली व्यवसाय हो, बाउबाजेका पालादेखि नै उत्पादन हुन्छ, अन्य बालीलाई जस्तो धेरै दुःख, मेहनत र लगानी गर्नु पर्दैन", उहाँले भन्नुभयो, "रोपेपछि दुई-तीन पटकसम्म आवश्यकतानुसार कीराबाट जोगाउन विषादी तथा भिटामिन हाल्छौँ, अनि उत्पादन राम्रो हुन्छ ।"

चाडबाडका बेलामा अन्य दिनभन्दा बढी माग हुने गरेको उहाँले बताउनुभयो । अन्य समयमा भन्दा चाडबाडका बेलामा बढी माग हुन्छ, चाडबाडको समयमा स्थानीय गाउँमा स्थानीय मेला लाग्ने गर्दछन्, मेलामा धेरैजसो बिक्री हुने गर्दछ, चाडबाडमा व्रत बस्नेहरूले पनि यसलाई उमालेर, पिसेर हलुवा बनाएर खानुका साथै तरकारी पनि बनाउने गर्दछन् । यस वर्षको कात्तिक पूर्णिमा मेलामा सिँगडाको धेरै खपत भएको उहाँको भनाइ छ ।रासस

स्थानीय तह उपनिर्वाचन

# डाक्नेश्वरीमा अन्तिम चरणको कसरत

**मनोज माझी**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिकाको दुई वडामा वडाअध्यक्ष पदका लागी हुने निर्वाचनको मिति नजिकिदै गर्दा मत आ-आफनो पक्षमा पार्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवार अन्तिम चरणको प्रचारमा जुटेका छन् ।

७२ घण्टे मौन अवधि शुरु हुनु अघि नै विभिन्न दलका र स्वतन्त्र उम्मेदवार मतदाता नजिक पुग्न तिब्रताका साथ लागेका छन् । सो पालिकाको १ र ४ गरी दुई वडामा वडाअध्यक्ष पदका लागी मंसिर १६ गते उपनिर्वाचन हुने भएको छ । निर्वाचन हुने ती दुबै पदमा यस अघि नेपाली काँग्रेसका क्रमशः प्रीतम लाल चौधरी र हरि प्रसाद रायले चुनाव जितेका थिए ।



चौधरी र राय दुबैको निधन भएका कारण रिक्त हुन गएको पदका लागी उपनिर्वाचन हुन लागेको हो । काँग्रेसले वडा नम्बर १ मा भुलिया देवी चौधरीलाइ उम्मेदवार बनाएको छ। उनी दिगंवत निवर्तमान वडाअध्यक्ष प्रितम लाल चौधरीकी श्रीमती हुन् ।

त्यस्तै वडा नम्बर ४ बाट काँग्रेसले जोगेन्द्र प्रसाद रायलाई उम्मेदवार बनाएको छ। यस अघि दुबै पद काँग्रेसले जितेकाले यसलाई कायम राख्न र निरन्तरता दिन काँगेसमाथी चर्को दबाब छ।

जनमत पार्टीले यहाँ वडा नं.१ बाट शैलेन्द्र कुमार साह र ४ बाट उदय नारायण पण्डितलाई चुनावी मैदानमा उतारेको छ । नेकपा एमालेले वडा नं. १ बट भगवानी साह र ४ बाट संजय कुमार यादवलाई उम्मेदवार बनाउँदा नेकपा माओवादी केन्द्रले वडा नं.१ बाट प्रमोद कुमार सन्त र ४ बाट भागवत रामलाई उम्मेदवार बनाएको छ । जनता समाजवादी पार्टी (जसपा) नेपालले बडा नं.१ बाट धिरेन्द्र कुमार साह र ४ बाट देवेन्द्र प्रसाद यादवलाई उम्मेदवार बनाएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले वडा नं.१ बाट सतीशकुमार चौधरी थारु र ४ बाट राम कुमार यादवलाई चुनावी मैदानमा उतारेको छ भने नागरिक उन्मुक्ती पार्टीले वडा नं १ बाट अनरुद्ध प्रसाद चौधरी र ४ बाट शिव कुमार रामलाई चुनावी प्रतिस्पर्धामा उतारेको छ।

उपेन्द्र यादव नेतृत्वको जसपा नेपालबाट अलग भई अशोक राई नेतृत्वमा बनेको जनता समाजवादी पार्टीले वडा नं ४ बाट मात्र आफनो उम्मेदवारलाई चुनावी मैदानमा उतारेको छ।

सो पार्टीका तर्फबाट रविन्द्र यादव चुनावी मैदानमा छन् । यहाँ वडा नं.१ बाट सुशिल साहले स्वतन्त्र उम्मेदवारी दिएका छन् । यसरी दुई पदका लागी हुने उपनिर्वाचनमा विभिन्न दल र स्वतन्त्र गरी १६ जना उम्मेदवार चुनावी मैदानमा छन् ।

यहाँ नाम चलेका अन्य पार्टीहरु मध्ये नेकपा एकिकृत समाजवादी, आम जनता पार्टी (आजपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, तमलोपा लगायतका दलहरुबाट कुनै उम्मेदवारी परेको छैन ।

चुनावी मैदानमा उत्रेका अहिले सबै उम्मेदवार र दलका नेताहरु घर दैलो सहित मतदातालाई आफनो पक्षमा पार्न अन्तिम चरणको कसरतमा जुटेका छन् । सबै उम्मेदवारले वडामा देखिएका समस्या समाधान गरी विकासको लहर ल्याउने दाबी गरेका छन् ।

उपनिर्वाचन हुने डाक्नेश्वरी नगरपालिकाको वडा नं १ मा २ हजार ६ सय ३५ र वडा नं४ मा १ हजार २ सय ८१ मतदाता छन् । मतदानका लागी ३ मतदान स्थल र ५ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# ‘प्रदेशको विकासका लागि फाष्टट्रयाक र हुलाकी राजमार्ग आवश्यक’



**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहले मधेश प्रदेशमा विकासको अनेकौं सम्भावनाहरू भए पनि सही ढंगले सदुपयोग नभएको बताएका छन् ।

जनकपुरधाममा मंगलबार भएको प्रभावकारी र द्रुत सेवाका लागि बहुसरोकारवालाहरुसंग कार्यशाला गोष्ठीमा यसको सदुपयोगका लागि सही व्यवस्थापन नभएका कारण मुलुकको समग्र विकासले गति नलिएको बताए ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र श्रम तथा यातायात मन्त्रालयको संयुक्त आयोजनामा भएको कार्यशालामा मुख्यमन्त्री सिंहले प्रदेशको द्रुत आर्थिक विकासका लागि सञ्चालनमा रहेका राष्ट्रिय महत्वका योजनाहरूको निर्माणमा गति दिन आग्रह गरे । वर्षौंसम्म योजनाहरू पूरा नहुँदा मुलुकको समग्र आर्थिक विकासमा नकारात्मक असर पारिरहेको उनको भनाइ छ ।

उनले मधेश प्रदेशलाई संघीय राजधानीसंग जोड्ने फाष्टट्रयाक र हुलाकी राजमार्ग समयमा नै निर्माण भएको खण्डमा वर्षेनी रुपमा अर्बौको डिजेल तथा पेट्रोलको खपतमा कमी हुने भएकाले त्यसतर्फ ध्यान दिन जरुरी रहेको बताए ।

त्यस्तै मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री कौशल किशोर रायले यस प्रदेशको आर्थिक विकासका लागि कृषि, पर्यटन तथा उद्योगको विकासका लागि ठोस नीति बनाउन आवश्यक भएको बताए ।

उनले मधेश प्रदेशको समृद्धि र विकासका लागि संघ, प्रदेश तथा स्थानीय तहका बीचमा नीतिगत सुधारका साथै कार्यगत सहकार्य जरुरी रहेको बताए ।

# कलेजले कब्जा गरेको बाटो अतिक्रमणमुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको हनुमान चलचित्र मन्दिरदेखि धनुषा जिल्ला अदालत जाने सार्वजनिक बाटोमा अतिक्रमण गरी बनाइएका घरटहरादेखि पार्किंगसम्म भत्काइएको छ ।



जनकपुरधाममा मंगलबार हनुमान चलचित्र मन्दिर हुँदै जिल्ला अदालतसम्मको बाटोलाई मोडेल मल्टिपल कलेजले घेरबार गरी घर टहरा तथा पार्किंग बनाइएकोलाई नगर प्रहरीले भत्काएको छ ।

जनकपुरधामउपमहानगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत धीरेन्द्रकुमार कर्णले एक सूचना जारी गर्दै जनकपुरधाम- ४ स्थित मोडल मल्टिपल कालेजले सडक अतिक्रमण गर्दै कब्जा गरेर बनाएको पार्किंग स्थल हटाउन काटेको थियो ।

जनकपुरधाम उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत कर्णले अतिक्रमित सडकमा बनाइएका घरटहरा र स्टैण्डलगायतका संरचनाहरु तत्काल हटाउन सार्वजनिक पत्र काटेको थियो। सडक नै कब्जा गरी बनाइएका विभिन्न संरचनामा नगर प्रहरीले अतिक्रमण गरिएको सडक खाली गराएका छन् ।

लामो समयदेखि कब्जामा लिएको सडक अतिक्रमणमुक्त बनाउका लागि पटकपटक नागरिक समाजले आवाज उठाउँदै आएको थियो ।

# ट्रैक्टर दुर्घटनामा चालकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा ट्रैक्टर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । जिल्लाको बलरा नगरपालिका वडा नम्बर ९ स्थित अचलगढमा मंगलबार खेत जोतिरहेको ट्रैक्टर पल्टिँदा चालकको मृत्यु भएको छ। स्थानीय ४० वर्षीय रुसतम साहको दुर्घटनामा मृत्यु भएको हो । परीक्षण नभएको ट्रैक्टर अनियन्त्रित भइ पल्टिँदा चालक साह च्यापिएर मृत्यु भएको थियो ।



उनलाई तत्काल स्थानीयले उद्धार गरी उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र अचलगढ ल्याएपछि चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय बलराले जनाएको छ । मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको छ ।

# ४० जना फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरी प्रहरीले दुई दिनको अवधीमा अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद र जरिवाना तोकिएका फरार ४० जना अभियुक्तलाई पक्राउ गरेको छ ।




पक्राउ पर्नेहरुमा कुटपिट लुटपिटका सर्वाधिक १० जना छन् । यस्तै कुटपिटका ९, बहुविवाहका ३, किर्ते, चोरी अन्य, सवारी अंगभग र लुटपिटका दुई/दुई जना छन् । यस्तै गाली बेइजत, साल चिरान काठ चोरी, चेक अनादर, नाता कायम, जालसाजी, आत्महत्या दुरुत्साहन, बोक्सीको आरोप, जवर्जस्ती करणी, लागु औषध र बिगो लेनदेनका एक/एक जना अभियुक्त पक्राउ परेको प्रहरीले जनाएको छ ।

यसरी पक्राउ पर्ने फरार प्रतिवादीमा पाँच रुपैयाँदेखि २० हजार रुँपैयासम्म जरिवाना गरिएका प्रतिवादी छन् । प्रहरीका अनुसार कुटपिट मुद्दामा अदालतबाट पाँच रुँपैया जरिवाना गरिएका सप्तरीको साविक देउरी ६ निवासी चन्देश्वरी देवी साहुनी र सोही मुद्दामा २० हजार रुँपैया जरिवाना गरिएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ६ का मनोज कुमार मण्डल पनि पक्राउ परेका छन् ।

अपराध घटनाको अनुसन्धान तथा अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फरार भइ लुकिछिपी वसेकाहरु सुराकी र निगरानी बढाएसंगै धमाधम पक्राउ पर्न थालेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । यसरी पक्राउ परेकाहरुबाट ३ वर्ष ४ महिना २१ दिन कैद तथा जरिवाना वापत ८५ हजार ७ सय १ रुँपैया ४ पैसा असुल गरिएको प्रहरीको भनाइ छ ।

सप्तरी प्रहरीले फरार अभियुक्तमाथी कडा निगरानी र अनुसन्धान बढाएसंगै विभिन्न अपराधका अभियुक्तहरु एकपछि अर्का पक्राउ पर्ने क्रम बढ्दै गएको छ ।

# घरदैलो स्वास्थ्य जाँच तथा परामर्शले स्थानीयलाई सहज

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको मनराशिस्वानगरपालिकालेस्वास्थ्य सेवा घरमै पुगेर दिन थालेपछि नगरवासी हर्षित भएका छन् । घरदैलो स्वास्थ्य कार्यक्रमबाट मनराशिस्वा नगरपालिकाका स्वास्थ्यकर्मीको टोली घरमै पुगेर स्वास्थ्य जाँच गरिदिदा स्वास्थ्य सेवा पाउन सहज भएको स्थानीयले बताउँछन् ।



स्वास्थ्य सेवामा स्थानीयको पहुँच वृद्धि गर्न र नागरिकको स्वास्थ्य अवस्था बारे जानकारी प्राप्त गर्न तथा नगरको स्वास्थ्य अवस्थाको तथ्यांक संकलन गर्न सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रममार्फत नगरपालिकाको प्रत्येक वडामा पुगेर स्वास्थ्यकर्मीहरुले नागरिकको स्वास्थ्य जाँच गरी आवश्यक सलाह समेत दिँदै आइरहेको छ । नगरपालिकाका हरेक समुदायका व्यक्तिमा स्वास्थ्य सेवाको सहज पहुँच स्थापित गर्न ल्याइएको कार्यक्रम सुत्केरी महिला, बालबालिका, वृद्धवृद्धा सँगै अशक्त नागरिकहरुका लागि घरदैलो स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रम झनै लाभदायक बनेको छ । आर्थिक वर्ष ०८१/०८२ को १२ औं नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार नगरपालिकाका स्वास्थ्यकर्मीहरु घर-घर पुगेर स्थानीयको स्वास्थ्य जाँच गरेसँगै परामर्श समेत दिँदै आइरहेका छन् । मनराशिस्वा नगरपालिका-२ स्थित इटहर्वाका ६० वर्षीया निर्मला देवीको दिनचर्या घरमा खान बस्न नाति नातिनिको स्याहर गर्न र बाँकीको समयमा खेतमा काम गर्न मै सीमित रहँदै आएको छ।

उमेर ढल्दै जाँदा शारीरिकरुपले कमजोर भइरहेकी निर्मला देवीको घरमा स्वास्थ्यकर्मी पुग्दा उनलाई अनौंठो लागेको अनुभव सुनाइन् । सामान्य घरखर्च जोड्न समस्या खेप्दै आएकी उनको परिवारले घरमा पुगेका स्वास्थ्यकर्मीहरुको शुल्क र पछि औषधि खर्च कहाँबाट तिर्ने भनेर उनी चिन्तित हुन पुगेको बताइन् । तर स्वास्थ्यकर्मीले हामी नगरपालिका बाट आएको र निशुल्क तपाईको स्वास्थ्य जाँच गरिदिने बताएपछि उनले आफ्नो स्वास्थ्य जाँच गराइन् ।

निःशुल्क स्वास्थ्य जाँच गराएकी निर्मला देवीमा उच्च रक्तचापको समस्या देखिएको थियो । स्वास्थ्यकर्मीले निर्मलाको सामान्य तर जोखिमयुक्त नसर्ने रोगबारे बताउँदा उनी एकछिनका लागि स्तब्ध भएको बताइन् । तर स्वास्थ्यकर्मीले सामान्य खानपानमा ख्याल राखे समयमै उच्च रक्तचापको समस्या नियन्त्रित हुन सक्ने सल्लाह पाएपछि घरको कामकाज संगै अब आफ्नो स्वास्थ्यको पनि ख्याल राख्ने उनले बताइन् ।

स्वास्थ्य सेवामा स्थानीयको सहज पहुँच सुनिश्चित गर्नका लागि स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रमलाई अझ प्रभावकारी बनाउँदै जाने मनराशिस्वा नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामचन्द्र यादवले बताए। प्रत्येक महिनाको दश दिन नगरपालिकाको दशवटै वडामा एकजना पारामेडिक्स र एक नर्सिंग गरी दुईजना स्वास्थ्यकर्मी नगरपालिकाको प्रत्येक टोलको घर-घरमा पुगेर परिवारमा भएका सदस्यहरुको स्वास्थ्य जाँच गर्ने गरेको स्वास्थ्य शाखा प्रमुख रामचन्द्र यादव बताउँछन् ।

बालबालिकामा पोषण अवस्था, छुटेको खोप, परिवार नियोजन सेवा,गर्भवती सेवा, सुत्केरी सेवालगायत रक्तचाप, चिनियाँ रोगलगायत श्वासप्रस्वास सम्बन्धी स्वास्थ्य परिक्षण, जाँच र परामर्श दिए सँगै तथ्यांक संकलन गर्ने कार्य स्वास्थ्यकर्मीहरुले गर्दै आइरहेका छन् । स्वास्थ्य शाखाको तथ्यांक अनुसार चालु आर्थिक वर्षको पहिलो त्रैमासिक (साउनदेखि असोज २०८१) सम्ममै १९ हजार ९ सय १५ जनाले स्वास्थ्यकर्मीहरु द्वारा घरमै स्वास्थ्य सेवा पाएको स्वास्थ्य शाखा प्रमुख रामचन्द्र यादवले जानकारी दिएका छन । स्वास्थ्य जाँच तथा परामर्श कार्यक्रम अन्तर्गत साउन,भाद्र र असोज तिन महिनामा गरिएको घरदैलो स्वास्थ्य जाँच तथा परामर्श मार्फत नगरपालिकाका १२ हजार ७१ महिला तथा ७ हजार ८ सय ४४ पुरुषले सेवा पाएको तथ्यांकले देखाएको छ। त्यस्तै ५ वर्ष मुनिका बालबालिकाको पोषण अवस्था थाह पाउनको लागि पाखुराको नापको आधारमा कुल १ हजार ५ सय २३ बालबालिकामा जाँच गर्दा १ हजार ४ सय २६ बालबालिकामा सामान्य, ९० बालबालिकामा मध्यम तथा ७ बालबालिकामा कडा कुपोषणको समस्या फेला परेको थियो ।

# फरार प्रतिवादी ३ वर्षपछि पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको दुर्गाभगवती गाउँपालिकाको गंगापिपराबाट कर्त्तव्य ज्यान कसुर मुद्दाका फरार प्रतिवादी करिव ३ बर्ष पछि पक्राउ परेका छन् ।



पक्राउ पर्नेमा रौतहटको दुर्गाभगवती गाउँपालिका वडा नम्वर १ स्थित गंगापिपराबाट वडा नम्वर ४ छतौनाका टिमन भनिने दोष महम्मदका ४० बर्षिय छोरा महम्मद जनिफलाई प्रहरीले पक्राउ गरेका छन् ।

२०७७ साल चैत १२ गते विहान १० बजेको सयमा यमुनामाई गाउँपालिका वडा नम्वर ५ स्थित झुन्खुनवा गाउँको टेढा चौरमा दुर्गा भगवती गापा वडा नम्वर ४ छतौनाका समरुद्दिन मिया कवारीको २५ बर्षिय श्रीमती हुस्नआरा खातुन तथा निजको २ बर्षिय छोरा रेहानको हत्या गरिएको आरोपमा जनिफलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डिएसपी दिपककुमार रायले जानकारी दिए ।

हुस्नआरालाई सोही स्थानमा पराल राखेर आगो लगाएको तथा उक्त स्थान भन्दा ३ सय मिटर दक्षिणमा बालकलाई हत्या गरी शव फालिएको अवस्थामा प्रहरीले बरामद गरेका थिए । जिल्ला प्रहरी कार्यालय रौतहटले तत्कालिन समयमा गरेका सुक्ष्म अनुसन्धानमा उक्त हत्याको पछाडि महम्मद जनिफको हात रहेको पत्ता लगाए पनि उनी फरार रहँदै आएको थियो ।

सोमबार जनिफ दुर्गा भगवती गाउँपालिका- १ स्थित पिपरा बजारमा हिड्डुल गरिरहेको सूचना प्रहरीले पाएपछि उनलाई पक्राउ गरेको थियो । जनिफलाई रौतहट जिल्ला अदालत कर्तव्य ज्यान कसुरमा म्याद थप गराएर आवश्यक अनुसन्धान गरिरहेको प्रहरी नायब उपरीक्षक रायले बताए ।

# फिरौती रकम माग गर्ने दुई जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । अपहरण तथा शरीर बन्धक सम्बन्धी कसुरमा संलग्न रहेको अभियोगमा दुई जनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा वीरगञ्ज महानगरपालिका-१६ स्थित इनर्वागाउँका ३० वर्षीय सन्तोष दास तत्मा र सोही महानगरपालिका-१६ स्थित नगवाका ३१ वर्षीय हरिशंकर शर्मा रहेका छन् ।

रौतहट कटहरिया नगरपालिका-६ का ४१ वर्षीय पुरुषलाई आइतबार अपहरण गरी फिरौती रकम माग गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले उनीहरूलाई वीरगन्ज महानगरपालिका-१६ इनर्वागाउँबाट पक्राउ गरेको छ । यसका साथै पर्सा प्रहरीले उनीहरूको साथबाट नगद ५० हजार रुपैयाँ र अपहरणमा प्रयोग गरेको २ थान मोटरसाइकल समेत बरामद गरेको छ ।

उनीहरू उपर अपहरण तथा शरीर बन्धक कसुरमा जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

भ्रष्टाचार र अनियमितता विरुद्ध जुटौं

- घुस लिने र दिने दुबै अपराधी हुन्,
- भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
- भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८